
वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय कार्ययोजना, २०८३-२०८८



नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

२०८३

विषयसूची

१. पृष्ठभूमि..... १

१.१ नेपालमा वायु प्रदूषणको अवस्था..... ३

१.२ नेपालमा वायु प्रदूषणजन्य विपद्..... ४

१.२.१ हालसम्मका प्रयासहरू..... ५

१.३ नीतिगत तथा कानूनी व्यवस्था..... ६

१.४ विश्वव्यापी वायु प्रदूषणको अवस्था..... ७

१.५ कार्ययोजनाको औचित्य..... ७

१.६ मार्गदर्शक सिद्धान्तहरू..... ८

२. कार्ययोजना..... १०

२.१ दीर्घकालीन सोच..... १०

२.२ लक्ष्य..... १०

२.३ उद्देश्य..... १०

२.४ रणनीतिक कार्यक्षेत्रहरू..... १०

रणनीतिक कार्यक्षेत्र १ : वायु प्रदूषणजन्य विपद् जोखिमको ज्ञान तथा जनचेतना अभिवृद्धि..... ११

रणनीतिक कार्यक्षेत्र २ : वायु प्रदूषणजन्य विपद् सम्बन्धी संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण..... २२

रणनीतिक कार्यक्षेत्र ३ : वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरणको लागि उत्थानशीलता वृद्धि गर्न वृहत जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन..... २७

रणनीतिक कार्यक्षेत्र ४ : प्रभावकारी वायु प्रदूषणजन्य विपद् प्रतिकार्य, पुनर्लाभ (पुनर्निर्माण तथा पुनर्स्थापना) मा अझ राम्रो र बलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढीकरण..... ३१

३. वित्तीय व्यवस्था..... ५३

४. अनुगमन तथा मूल्याङ्कन..... ५३

५. पुनरावलोकन अवधि..... ५३

अनुसूची १ : वायु प्रदूषणजन्य विपद् व्यवस्थापन समन्वय समिति..... ५५
अनुसूची २ : वायु प्रदूषण गुणस्तर ५७
अनुसूची ३ : अनुमानित बजेट ५८
अनुसूची ४ : वातावरण विभागबाट प्रकाशित २०२४ को वायु गुणस्तर स्थिति प्रतिवेदनबाट साभार ६०

१. पृष्ठभूमि

वायुमा मानव स्वास्थ्य र वातावरणलाई नकारात्मक असर पुऱ्याउने प्रदूषक तत्वहरु तोकिएको सीमाभन्दा बढी मात्रामा मिसिनु नै वायु प्रदूषण हो। वायु प्रदूषण मानवीय क्रियाकलाप र प्राकृतिक दुवै कारणले हुन सक्छ। सवारी साधन, उद्योग कलकारखाना, फोहर जलाउने कार्य, कृषि अवशेष जलाउने कार्य, वन डढेलो, सडकबाट हावाले उडाएर ल्याउने धुलो आदि वायु प्रदूषणका स्रोतहरु हुन्। वायु प्रदूषणका कारण विशेषतः श्वासप्रश्वास सम्बन्धी रोगहरुमा बढोत्तरी भएको पाइन्छ। विश्व स्वास्थ्य संगठनका अनुसार वायु प्रदूषणका कारण प्रत्येक वर्ष विश्वव्यापी रुपमा करिब ७० लाख मानिसको अकालमा ज्यान जाने गरेको छ भने नेपालमा प्रत्येक वर्ष करिब ४० हजार मानिसले ज्यान गुमाउने गरेका छन्।

विगत केही दशकदेखि नेपाल आन्तरिक एवं अन्तरदेशीय वायु प्रदूषणको चपेटामा पर्दै गएको विभिन्न अध्ययन अनुसन्धान तथा आम जनजीवनमा गरिएका अनुभवहरूले देखाएका छन्। अध्ययनहरूबाट भारतको उत्तर-पश्चिमीका साथै गंगा मैदान क्षेत्रमा उत्सर्जन हुने कृषि तथा उद्योगजन्य वायुप्रदूषण र मध्यपूर्वी देशहरूमा उत्सर्जन भएको वायु प्रदूषण दक्षिण-पश्चिमी एवं उत्तर-पश्चिमी वायुसँगै छरिएर भारी मात्रामा हिमालय भू—खण्डमा विसर्जन हुने गरेको तथ्य उजागर भएपछि नेपाल क्षेत्रीय प्रदूषणको अति प्रभावित क्षेत्रको रूपमा रहेको सिद्ध भएको छ। न्यून मात्रामा भएपनि हाम्रो देशभित्रबाट पनि वायु प्रदूषण भइरहेको छ। आन्तरिक एवम् क्षेत्रीय उत्सर्जनमा हुँदै गइरहेको भारी वृद्धिले नेपालमा वायु प्रदूषणको जोखिम बढेर गएको छ।

बढ्दो औद्योगिकीकरण, धान तथा गहुँ बाली काटेपछि खेतमा लगाइने आगो, वन डढेलो, अव्यवस्थित सहरीकरण, जनघनत्व वृद्धिसँगै बढ्दै गएको सवारी साधनको संख्या एवम् घरायसी क्रियाकलापमा हुने ऊर्जा खपत जस्ता गतिविधिका कारण भविष्यमा निश्चित रूपमा आन्तरिक तथा बाह्य उत्सर्जनमा परिमाणात्मक तथा गुणात्मक वृद्धि हुने देखिएको छ।

जुन रफ्तारमा नेपालको आन्तरिक एवं क्षेत्रीयस्तरमा वायु प्रदूषक धुवाँ, धुलो तथा विषालु ग्यास उत्सर्जनका गतिविधिहरू बढ्दै गइरहेका छन्, त्यसलाई समयमा नै आवश्यक नियन्त्रण र नियमन नगरिए वायु प्रदूषणले निकट भविष्यमा नै जटिल रुप लिने आकलन गरिएको छ। वायु प्रदूषणबाट जनस्वास्थ्य, दैनिक जनजीवन, पशुपन्छी लगायतको स्वास्थ्य एवम् प्राकृतिक पारीस्थितिक प्रणाली, व्यापार व्यवसाय, पर्यटन, सडक तथा हवाई यातायात, भौतिक पूर्वाधार, सार्वजनिक सेवा, रोजगारीका अवसर र समग्र अर्थतन्त्र प्रभावित हुने देखिन्छ।

क्षेत्रीय वायु प्रदूषण उत्सर्जनमा नेपालको योगदान तुलनात्मक रूपमा न्यून भएता पनि स्थानीय स्तरमा रहने वायुको गुणस्तरमा आन्तरिक उत्सर्जनको भूमिकामा रहने गरेको पाइएको छ। नेपालका सहर,

बजार एवं उच्च जनघनत्व रहेका क्षेत्रहरू सामान्यतया नदी किनारका साँघुरा फाँट, गहिरा उपत्यका तथा अग्ला पहाडी श्रृङ्खलाका खोँचहरूमा अवस्थित छन्। यस्तो भौगोलिक अवस्थितिमा राम्ररी हावा खेल्न नपाएर प्रदूषित हावा रहिरहन्छ। यस्तो भौगोलिक तथा वातावरणीय परिवेशमा तल्लो तहको वायुमण्डलमा प्रदूषणको मात्रामा गुणात्मक वृद्धि भई उच्च स्तरमा पुग्ने र जनस्वास्थ्य साथै तमाम जनजीवनमा आपत्कालीन अवस्थाको सिर्जना समेत हुने गर्दछ। त्यसले गर्दा यी क्षेत्रहरू वायु प्रदूषणका दृष्टिले बढी सङ्कटासन्न छन्। बिहान सबैरै ढपक्कै हुस्सु लागेर झण्डै अपरान्हसम्म रहनु, धुलो र धुवाँ सहितको बाक्लो तुवाँलो लाग्नु, हावाको गति मन्द हुनु र सूर्यास्तसँगै सतहको वायु चिसो र सोभन्दा माथिको वायु तुलनात्मक रूपमा तातो रहनु (थर्मल ईन्भर्सन) ले नेपालका सहरबजार तथा औद्योगिक क्षेत्रहरूको वायु प्रदूषण निवारण शक्ति दुर्वल र वहन क्षमता कम रहेको देखाउँछ।

वातावरण विभागले काठमाडौं एवं पोखरा उपत्यका, लुम्बिनी—बुटवल, विराटनगर—धरान क्षेत्रमा गरेको वायु प्रदूषण प्रक्रियाको गणितीय हिसाब, प्रदूषण वहन क्षमता मूल्याङ्कन एवं नियन्त्रण पद्धति विकास सम्बन्धी अध्ययनबाट यी क्षेत्रहरूमा प्रतिकूल वायुमण्डलीय अवस्थिति रहेको र त्यसका कारण हिउँद (हेमन्त, शिशिर र वसन्त ऋतुहरू) याममा वायु प्रदूषण निवारण क्षमता न्यून र उत्सर्जनका गतिविधि उच्च हुँदा प्रदूषण वहन क्षमता संतृप्त भई वायु गुणस्तर विषाक्त अवस्थामा पुग्ने गरेको तथ्य सार्वजनिक भएको छ। समष्टिगत वायु प्रदूषणको सूचकको रूपमा लिइने २.५ माईक्रोमिटर वा सो भन्दा कम व्यास भएका मसिना धुलकणजन्य प्रदूषण (पिएम २.५) उत्सर्जनको मात्रा यी क्षेत्रहरूको वहन क्षमताभन्दा अत्यधिक रहेको र वायुको गुणस्तर राष्ट्रिय एवम् विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड भन्दा १०औं गुणासम्म खस्किने गरेको पाइएको छ। हरेक वर्ष शिशिरदेखि वसन्त ऋतुमा नेपाल बाह्य प्रदूषणको चपेटामा पर्ने गरेको छ र शितलहर एवं धुलोधुवाँ बेहोर्दै आएको छ। काठमाडौं उपत्यका सामान्यतया अस्वस्थ वायु भएको सहरको सूचीमा पर्ने गरेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा विभिन्न प्रकोपबाट हुन सक्ने विपद्को साथै वायु प्रदूषण र वायु प्रदूषणका तत्वहरू (विषालु ग्यास, रसायन, आणविक चुहावट, विष्फोटन) बाट उत्पन्न हुन सक्ने विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई समेत प्राथमिकतामा राखिएको छ। त्यसैगरी वातावरण संरक्षण ऐन, नियमहरूमा प्रदूषण नियन्त्रण तथा नियमन सम्बन्धी व्यवस्था रहेका छन्। ऐन कानुनको कार्यान्वयनका सन्दर्भमा सामान्य अर्थमा बुझिने वायु प्रदूषण (घरायसी, औद्योगिक, यातायात, जैविक आदि क्रियाकलापबाट उत्सर्जित) का बारेमा सीमित क्षेत्रमा केही उल्लेख्य अध्ययन अनुसन्धानहरू भएको भएता पनि विषालु ग्याँस, रसायन तथा विकिरणीय चुहावट, विष्फोटनबाट सृजना हुने वायु प्रदूषणका बारेमा व्यवहारत: सामान्य चासो र चर्चामै सीमित रहेको देखिन्छ। सम्बन्धित ऐन कानूनहरूको व्यवस्था अनुरूप ठोस क्रियाकलाप सहितको कार्ययोजना तर्जुमा गरी अगाडी बढ्नु अहिलेको आवश्यकता रहेको छ।

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ लाई समेत आधार मानी सम्बन्धित विभाग, निकायहरू तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल गरी हाल बढी असर गरिरहेको र विपद्को अवस्था पुऱ्याई रहेको पिएम २.५ लाई प्राथमिकता राखी यो कार्ययोजना तयार गरिएको छ।

यस कार्ययोजनाको कार्यान्वयनको सन्दर्भमा चालु आर्थिक वर्षलाई आधार वर्ष मानी विभिन्न आधारभूत क्रियाकलापहरूलाई प्राथमिकता दिइनेछ। चालु आर्थिक वर्षमा कार्ययोजना लागू गर्न आवश्यक तयारीका कार्यहरू गरिनेछ। यस्ता क्रियाकलापहरूमा नीतिगत व्यवस्थाको सन्दर्भमा अध्ययन कार्य सुरु गरिनेछ। यसका अतिरिक्त कृषि, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य अनुसन्धान परिषद्, भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि वन तथा वातावरण मन्त्रालय, विज्ञान, प्रविधि तथा नवप्रवर्धन मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग, प्रदेशस्तरीय सम्बन्धित मन्त्रालयहरू, स्थानीय तह लगायत अन्य सरोकारवाला निकायका वार्षिक कार्यक्रमहरूलाई समेत यस कार्ययोजनाको भावना अनुरूप हुने गरी कार्यान्वयन गरिनेछ।

१.१ नेपालमा वायु प्रदूषणको अवस्था

वायु प्रदूषण नेपालको एक प्रमुख स्वास्थ्य तथा वातावरणीय समस्याको रूपमा रहेको छ र दिन प्रतिदिन यसले विपद्को रूप लिदै गइरहेको छ। आइक्यूएयर, २०२२ को प्रतिवेदन अनुसार विश्वकै सबैभन्दा खराब वायु गुणस्तर भएको सहरहरूको सूचीमा काठमाडौं उपत्यका समेत परेको छ। त्यसैगरी वातावरणीय कार्यदक्षता सूचाङ्कमा स्वच्छ वायुको सन्दर्भमा नेपाल अन्तिम स्थानतिर पर्ने गरेको छ। कृषि, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वातावरण विभागले सन् २०१६ बाट काठमाडौं उपत्यका लगायत देशका मुख्य सहरी, औद्योगिक, संरक्षित क्षेत्रहरू गरी ३० वटा वायु गुणस्तर मापन केन्द्रहरूको स्थापना गरी वायु गुणस्तर मापन, अनुगमन एवं तथ्यांक संकलन सम्बन्धी कार्यहरूको सुरुवात गरेको छ। यी मापन केन्द्रहरूमा वायु गुणस्तरको मापदण्ड ६ वटै प्रदूषक तत्वहरू (पिएम २.५, ओजोन, ब्ल्याक कार्वन, सल्फरडाईअक्साईड, नाईट्रोजन डाईअक्साईड र लिड) को मापन हुन सकेको छैन। पिएम २.५ बाहेकका वायु प्रदूषक तत्वहरूका तथ्याङ्कहरू उपलब्ध छैनन् र तिनको अवस्था यस्तै छ भनेर भन्न सकिने अवस्था छैन। पिएम २.५ को मात्रालाई आधार मान्दा मापन केन्द्र स्थापना गरिएका ३० वटै क्षेत्रको वायु गुणस्तरको स्थिति खासगरी मंसिरदेखि जेष्ठ महिनासम्म सन्तोषजनक छैन। यी महिनाहरूमा पिएम २.५ को दैनिक (२४ घण्टा) औसत मात्रा सामान्यतया नेपाल सरकारले तोकेको मापदण्ड (४० माईक्रोग्राम प्रति घनमिटर) भन्दा धेरै नै बढी हुने गरेको छ र बारम्बार झण्डैझण्डै आपत्कालीन अवस्था (२५० माईक्रोग्राम प्रति घनमिटरभन्दा बढी) मा पुग्ने गरेको देखिएको छ।

तालिका १: प्रचलित २४ घण्टे औसत वायु गुणस्तर सूचकाङ्क, गुणस्तर रंग तथा तदनुरूपको पिएम २.५ को मात्रा।

सूचकाङ्क		सूचकाङ्क मान	पिएम २.५ को दैनिक औसत मात्रा माइक्रोग्राम प्रति घनमिटर	वायु गुणस्तर विश्लेषण
हरियो (Green)		० देखि ५० सम्म	०.० देखि २०.० सम्म	असल
पहेलो (Yellow)		५१ देखि १०० सम्म	२१ देखि ४० सम्म	मध्यम
सुन्तला (Orange)		१०१ देखि १५० सम्म	४१ देखि ६० सम्म	संवेदनशील व्यक्तिहरूलाई अस्वस्थकर
रातो (Red)		१५१ देखि २०० सम्म	६१ देखि १६० सम्म	अस्वस्थकर
बैजनी (Purple)		२०१ देखि ३०० सम्म	१६१ देखि २६० सम्म	अत्यन्तै अस्वस्थकर
रक्तिम (Maroon)		३०१ देखि ४०० सम्म	२६१ देखि ३६० सम्म	घातक
रक्तिम (Maroon)		४०१ देखि ५०० सम्म	>३६०	अत्यन्त घातक

१.२ नेपालमा वायु प्रदूषणजन्य विपद्

कुनै स्थानमा प्राकृतिक वा गैर प्राकृतिक कारणले वायु प्रदूषण उत्सर्जन भई ठूलो मात्रामा जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा गम्भीर प्रतिकूल असर पर्ने अवस्थालाई वायु प्रदूषण विपद् भनेर बुझिन्छ। सन् २०२१ मा काठमाडौं वरिपरिका जङ्गलमा लागेको डढेलोको कारण उत्सर्जित वायु प्रदूषण तत्कालीन समयको वायुमण्डलीय अवस्थितिमा भएको वायु प्रवाहसँगै फैलिएर काठमाडौं उपत्यकामा भारी मात्रामा प्रवेश गर्दा उपत्यकाको वायु अत्यधिक प्रदूषित भई विपद्को अवस्था श्रृजना भएको थियो। वायु गुणस्तर सूचाङ्क ३०० भन्दा बढी भएमा खतरनाक र आपत्कालीन मानिन्छ। वातावरण विभागले सन् २०२२ को मार्च महिनाको अन्तिम दिनहरूमा काठमाडौं उपत्यकामा वायु गुणस्तर सूचाङ्क ३०० भन्दा बढी नाघेको जानकारी गराएको थियो। पश्चयगामी गणितीय नमूनीकरणले उक्त प्रदूषण नेपालभन्दा धेरै परदेखि आएको समेत देखाएको थियो। सन् २०२५ अप्रिल ३ मा पनि काठमाडौं उपत्यकामा वायु प्रदूषणको तह ३०० एक्यूआई पुगेको थियो। विपद्को तह पुगिसकेपछि सूचनाहरू दिने गर्दा त्यसले वायु प्रदूषण नियन्त्रण प्रभावकारी नहुने हुँदा एक्यूआई २०० देखि नै सतर्क रही प्रतिकार्यको तयारीमा लाग्नु

पर्ने देखिएकोले यस कार्ययोजनामा एक्यूआई २०० लाई चेतावनी तह निर्धारण गरी सूचना/निर्देशन जारी गर्ने व्यवस्था मिलाइएको छ।

१.२.१ हालसम्मका प्रयासहरू

- ३० वटा सन्दर्भ वायु प्रदूषण मापन केन्द्रहरूको स्थापना भएको छ। यसले नेपालका प्रमुख सहरहरूलाई समेटेको छ।
- प्रतिनिधिमूलक वायु प्रदूषण मापन केन्द्र स्थापना र सञ्चालन खर्चिलो भएकोले किफायती प्रदूषण मापन यन्त्रको प्रचलन बढेको पाइन्छ। गुणस्तर आश्वस्त भएको यस्ता उपकरणको प्रयोगले नेपालको सबै सहर तथा ग्रामीण क्षेत्रको प्रदूषणको यथार्थ विवरण पाउन सकिन्छ।
- मित्र राष्ट्रहरूका भू-उपग्रहको माध्यमबाट नेपालमा वायु प्रदूषण मापन कार्य भइरहेको छ। नासा तथा दक्षिण कोरियाका भू-उपग्रहको माध्यमबाट पनि वायु प्रदूषणको अवस्था थाहा पाउन मद्दत पुगिरहेको छ।
- अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) को सहयोगमा वायु प्रदूषण पूर्वानुमान कार्य वातावरण विभागले शुरु गरेको छ र यसको विश्वसनियता पनि बढ्दै गएको पाइन्छ।
- वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले सुधारिएको चुलोको वितरण सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ। नेपालमा घरेलु उपयोगको लागि विद्युतीय चुलोको साथै वायोग्यास, एलपिजि ग्यास जस्ता तुलनात्मक रूपमा स्वच्छ इन्धनको प्रयोग बढ्दै गएको छ।
- सवारी साधन तथा औद्योगिक उत्सर्जन सम्बन्धी मापदण्ड तयार भई लागू भएको छ। मापदण्डको परिपालना सम्बन्धमा वातावरण विभागले उद्योगको तथा यातायात व्यवस्था विभागले सवारी साधनको अनुगमन गर्ने गरेका छन्।
- वन डढेलो नियन्त्रणको लागि वन डढेलो व्यवस्थापन रणनीति, २०६७ मा परिमार्जन र सोसँग सम्बन्धित कार्ययोजना तयार भइरहेको छ।
- वातावरण विभाग र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय लगायत सरकारी तथा गैरसरकारी संघ संस्थाले वायु प्रदूषण तथा वायु प्रदूषणजन्य विपद् जोखिम सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम गरिरहेका छन्।
- नेपाल सरकारले विद्युतीय गाडीमा भन्सार छुट सहुलियत ऋण जस्ता सुविधाहरू उपलब्ध गराएको छ। विद्युतीय गाडीको लागि आवश्यक चार्जिङ्ग स्टेशनहरूको स्थापना र सञ्चालन क्रमिक रूपमा भइरहेको छ।
- काठमाडौं उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्यान्वयन कार्ययोजना, २०७६ तयार भई लागू गरिएको छ। उक्त पाँच वर्षको कार्ययोजनाको समयावधि पूर्ण भई सकेकोले नयाँ कार्ययोजनाको तर्जुमा भइरहेको छ।

- नगरपालिका तथा गाउँपालिकाहरूले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना तथा कार्यविधिहरू तयार गरी लागू गर्दै गरेको अवस्था छ। भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमूना कार्ययोजना समेत तयार गरी सबै गाउँ/नगरपालिकामा संप्रेषण गरेको छ।
- नेपालमा वायु प्रदूषणसँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धान कार्यहरू भइरहेका छन्। वायु प्रदूषणको मापन, स्रोत लागत सम्बन्धी अध्ययन, सुधारिएको चुलो, सफा इन्धन, विद्युतीय गाडी, गणितीय नमूनीकरण आदि विषयमा नतिजामूलक अनुसन्धान भइरहेका छन्।
- काठमाडौं महानगरपालिकाले १८ वटा किफायती प्रदूषण मापन यन्त्रको स्थापना गरेको छ।

१.३ नीतिगत तथा कानूनी व्यवस्था

नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरेको छ। संविधानले व्यवस्था गरेको यस हकको सुनिश्चितताको लागि १६औं आवधिक योजनामा पनि विपद् व्यवस्थापन सम्बन्धी योजनाहरू समावेश गरिएको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ मा जीविकोपार्जनका स्रोत साधनहरूका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरू जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै ती क्षेत्रहरूमा उत्थानशीलता वृद्धि गर्ने उल्लेख गरिएको छ।

विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा, २०१५—२०३० को पक्ष राष्ट्र समेत रहेको नेपालले आफ्नो नीति, कानून, रणनीति तथा कार्ययोजनाहरूमा उक्त खाका समायोजन गरी कार्यान्वयनमा ल्याएको छ। उक्त सेन्डाई खाकाको प्राथमिकता प्राप्त कार्यहरूमा जीवन, जनजीविका, स्वास्थ्य, आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक र वातावरणीय सम्पदामा विपद् जोखिम र क्षतिको उल्लेख्य रूपमा कमी, सात विश्वव्यापी लक्ष्यहरू र कार्य सम्पादनका प्राथमिकताहरू तोकिएको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८—२०३० ले नेपाल सरकारले तय गरेको दिगो विकासको लक्ष्य हासिल गर्न र विपद् उत्थानशील समाज निर्माण गरी दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने प्रतिवद्धताहरू जाहेर गरेको छ।

राष्ट्रिय वातावरण नीति, २०७६ ले वायु प्रदूषण रोकथाम तथा नियन्त्रणको लागि प्रभावकारी वायु गुणस्तर अनुगमन प्रणालीको विकास, मापदण्डहरूको तर्जुमा तथा कार्यान्वयन, विद्युतीय सवारी साधनको प्रयोग लगायतका कुराहरूमा जोड दिएको छ। वातावरण संरक्षण ऐन, २०७६ ले कसैले पनि तोकिएको मापदण्ड विपरीत हुने गरी प्रदूषण गर्न नपाउने व्यवस्था गरेको छ। यसैगरी राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले वायु प्रदूषणले पार्ने प्रभावलाई समेत समेटेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापनका सबै क्रियाकलापहरूको समन्वयात्मक र प्रभावकारी

रूपमा व्यवस्थापन गरी प्राकृतिक र गैर प्राकृतिक विपद्बाट हुने जनधनको क्षतिलाई न्यूनीकरण तथा व्यवस्थापन गर्ने लक्ष्य निर्धारण गरेको छ।

वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय कार्ययोजना अवलम्बन गर्ने संस्था तथा निकायले यी कानुनी प्रावधानहरू आत्मसात गरी सुरक्षा संयन्त्र निर्माण गरी लागु गर्नु आवश्यक छ।

१.४ विश्वव्यापी वायु प्रदूषणको अवस्था

वायु प्रदूषण मानव स्वास्थ्य, जलवायु, पर्यावरणीय सन्तुलन, कृषि उत्पादन एवं दिगो विकासका लागि विश्वभरी नै प्रमुख चुनौतीको रूपमा खडा भएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार घरभित्र र घरबाहिरको वायु प्रदूषणका कारण माथि पृष्ठभूमिमा उल्लेख भएझैं वर्षेनी ७० लाख मानिसको ज्यान जाने गरेको छ। उक्त संगठनको सन् २०२२ को तथ्याङ्क अनुसार विश्वको कुल जनसंख्याको ३० प्रतिशत मानिसहरू घरभित्र भएको वायु प्रदूषणको जोखिममा रहेको, ९९ प्रतिशतभन्दा बढी मानिसहरू पिएम २.५ का लागि तोकिएको मापदण्डको मात्राभन्दा बढी प्रदूषित हावा रहेको स्थानमा बसोबास गरिरहेका छन्। फलस्वरूप, प्रदूषित वायुका कारण श्वासप्रश्वास, मन, मस्तिष्क, मुटु, नशा, छाला, ईन्द्रीय, अनुवंशिक गुण आदि सम्बन्धी रोगहरूबाट करोडौं मानिसहरू ग्रसित भएको र हरेक वर्ष लाखौं मानिसको ज्यान जाने गरेको छ।

आइक्युएयरको सन् २०१७ देखि २०२१ सम्मको तथ्याङ्क अनुसार हिउँदयाममा नेपाल, भारत, पाकिस्तान, ताजिकिस्तान लगायतका एसियामा अवस्थित देशहरूको पिएम २.५ प्रदूषणको अवस्था विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड भन्दा १० गुणासम्म बढी हुने गरेको पाइन्छ। पछिल्ला वर्षहरूमा दक्षिण एसियाली राष्ट्रहरूमा उत्तरपूर्वी राष्ट्रहरूमा जस्तैः कृषि उपजका अवशेषहरू खेतबारी मै डढाउने बढ्दो प्रवृत्तिले गर्दा यस क्षेत्रको हिउँदे वायुको गुणस्तरमा भारी मात्रामा गिरावट आएको छ। विश्वका सबै देश र क्षेत्रहरूमा वायु प्रदूषण उत्सर्जनका स्रोत र प्रकृति एकै प्रकारका र प्रदूषणस्तर अथवा अवस्था पनि एउटै छैन। कतिपय अति प्रदूषितका रूपमा परिचित सहरहरू जस्तैः मेक्सिको सिटी, लसएन्जलस आदिमा उल्लेख्य सुधार भएको पाइन्छ भने कतिपय विगतमा स्वच्छ मानिएका क्षेत्रहरूमा प्रदूषणको मात्रा बढ्दै गएको पाइन्छ। नेपालका एवं नेपाललाई प्रत्यक्ष असर पर्न सक्ने दक्षिण एसियाली सहरहरूमा भने वायु गुणस्तर सुध्रनेभन्दा पनि बिग्रनेतिर उन्मुख भएको देखिन्छ।

१.५ कार्ययोजनाको औचित्य

नेपालको संविधानले स्वच्छ वातावरणलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। काठमाडौं उपत्यकामा बढ्दो वायु प्रदूषण र यसबाट निम्तिन सक्ने समस्याहरूको सामना गर्ने उद्देश्यले तयार गरिएको काठमाडौं उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना नेपाल सरकार मन्त्रिपरिषद्ले वि.सं. २०७६ सालमा स्वीकृत गरेको थियो। काठमाडौं उपत्यकाको वायु प्रदूषण नियन्त्रणमा केन्द्रित उक्त कार्ययोजना र समेटिएका क्रियाकलापहरूले वायु प्रदूषणबाट उत्पन्न विपद्लाई ठोस रूपमा सम्बोधन

गर्न सकेको थिएन। देशभरमा हुनसक्ने वायु प्रदूषणजन्य विपद्लाई सम्बोधन गर्न विशिष्ट राष्ट्रिय कार्ययोजना तर्जुमा गर्न आवश्यक रहेको महसुस भएको छ।

सम्भवतः वायु प्रदूषणको जोखिम हिजोका दिनहरूमा स्पष्ट रूपमा देखा नपरेको हुँदा विपद् व्यवस्थापन कार्ययोजनाहरूमा यस विपद् सम्बन्धी क्रियाकलापहरू समेटिने गरिएको थिएन। वायु प्रदूषणजन्य विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू समेट्न समेत यो कार्ययोजनाको आवश्यकता भएको हो। यस सन्दर्भमा राष्ट्रियस्तरमा वायु प्रदूषणजन्य विपद्को विस्तृत राष्ट्रिय कार्ययोजना आवश्यक छ। यसलाई सेण्डाई कार्यढाँचा अनुरुप तर्जुमा गरिएको छ। वायु प्रदूषणको जोखिम सन् २०३० सम्मका लागि तय गरेको दिगो विकास लक्ष्यहरू गरिबी निवारण, शून्य भोकमरी, सुस्वास्थ्य, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, किफायति र सफा ऊर्जा, मर्यादित रोजगार तथा आर्थिक वृद्धि, दिगो सहर तथा समुदाय लगायतलाई प्रत्यक्ष जोडिएको देखिन्छ।

विभिन्न स्थानीय तहहरुले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधिहरू तर्जुमा गरी सञ्चालनमा ल्याइरहेको अवस्थामा वायु प्रदूषणको जोखिम समावेश गर्न सकिन्छ। वायु प्रदूषणबाट सिर्जना भइरहेको जनधनको क्षतिलाई रुपान्तरकारी ढंगले समाधान गर्न राष्ट्रिय वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विशिष्टकृत कार्ययोजनाको आवश्यकता छ।

१.६ मार्गदर्शक सिद्धान्तहरू

यस कार्ययोजनाले देहाय बमोजिमको मार्गदर्शक सिद्धान्तहरूलाई अङ्गिकार गरेको छ।

क. वायु प्रदूषणजन्य विपद्लाई अन्य विपद्हरूसँग एकीकृत रूपमा सम्बोधन गर्न सक्ने गरी बहुप्रकोपीय अवधारणा बमोजिम तयारी गरिने। वायु प्रदूषणको प्रकृति अन्य विपद् जोखिमहरू भूकम्प, आँधिहुरी, बाढी, पहिरो जस्ता प्रकोपको विपद् जोखिमभन्दा फरक भएकोले यसको व्यवस्थापन यसको प्रकृति बमोजिम हुनुपर्ने।

ख. सबै तहका सरकारहरूको समन्वयात्मक भूमिका, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको केन्द्रीय भूमिका र स्थानीय तहलाई मुख्य जिम्मेवार निकायको रूपमा लिने।

ग. संघ, प्रदेश र स्थानीय तहका विभिन्न निकायहरूबीच प्रभावकारी समन्वय तथा सहकार्य कायम गर्दै सबै तहका सरकारले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा वायु प्रदूषण नियन्त्रण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने।

घ. विपद्लाई तहगत रूपमा वर्गीकरण र अनुपातिक पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ कार्य गरिने।

ङ. नेपालको भौगोलिक, आर्थिक र सामाजिक विविधतालाई मध्येनजर गर्दै जोखिम आकंलन गर्ने।

च. विपद् व्यवस्थापन बहुपक्षीय कार्य भएकोले यसमा सरोकारवालहरूको समन्वयात्मक, सहकार्यात्मक र सहभागितात्मक भूमिका रहने।

छ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिको प्रारुप सेन्डाई कार्यढाँचा अनुरूप हुने।

ज. जेष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला लगायतका संकटासन्न समूहलाई विशेष हेरचाह तथा संरक्षण गर्ने।

२. कार्ययोजना

२.१ दीर्घकालीन सोच

वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण गर्दै वायु प्रदूषणबाट नागरिकको जनधन र आर्थिक-सामाजिक क्रियाकलापको रक्षा एवं नेपाललाई विपद् उत्थानशील एवम् दिगो विकास भएको राष्ट्र बनाउन योगदान पुऱ्याउने।

२.२ लक्ष्य

वायु प्रदूषण नियन्त्रण तथा विपद् जोखिम न्यूनीकरण गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै वायु प्रदूषणको कारण हुने वार्षिक मृत्युदर वि.स. २०८७ सम्म प्रतिलाख ७७ मा झार्ने।

२.३ उद्देश्य

२.३.१ वायु प्रदूषणजन्य विपद्बाट मानवीय स्वास्थ्य, जीवन तथा सम्पत्ति, जीविकोपार्जन तथा उत्पादनमा हुने क्षति उल्लेख्य रूपमा न्यूनीकरण गर्नु,

२.३.२ वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी रणनीतिक कार्यक्षेत्र र कार्यक्रमहरूको पहिचान गरी आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा, मूलप्रवाहीकरण र कार्यान्वयन गर्नु,

२.३.३ विपद् जोखिम रोकथाम, पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य एवं पुनर्लाभको सुदृढीकरण र उत्थानशीलतामा अभिवृद्धि गर्नु।

२.४ रणनीतिक कार्यक्षेत्रहरू

माथिको उद्देश्य प्राप्तिको लागि यस वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजनामा देहाय बमोजिम ४ वटा रणनीतिक कार्यक्षेत्रहरू पहिचान गरिएको छ।

(क) वायु प्रदूषणजन्य विपद् जोखिमको ज्ञान तथा जनचेतना अभिवृद्धि।

(ख) संघ, प्रदेश र स्थानीय तहमा वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी शासकीय पद्धतिको सुदृढीकरण।

(ग) वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण गरी उत्थानशीलता वृद्धि गर्न वृहत जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन।

(घ) प्रभावकारी वायु प्रदूषणजन्य विपद् पूर्वतयारी, प्रभावकारी प्रतिकार्य, पुनर्लाभ तथा पुनर्स्थापनाको लागि अझ प्रभावकारी संयन्त्रको विकास तथा सुदृढीकरण।

रणनीतिक कार्यक्षेत्र १ : वायु प्रदूषणजन्य विपद् जोखिमको ज्ञान तथा जनचेतना अभिवृद्धि

१.१ वायु प्रदूषणजन्य विपद् व्यवस्थापन सूचना प्रणाली (Disaster Management Information System)

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार निकाय	सहयोगी निकाय
१	वायु प्रदूषण मापन केन्द्र स्थापना तथा सञ्चालन	वास्तविक समय (Real Time) प्रदूषकहरू PM 2.5, Ozone, SOx, NOx, Benzene लगायतको मापन गर्ने।	५ वर्ष	प्रत्येक प्रदेशमा कम्तिमा एकवटा प्रदूषण तत्वहरूको मापन गर्न सक्ने केन्द्रहरू स्थापना भएको हुने।	वातावरण विभाग	कृषि, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह
२	मौजुदा २.५ वायु प्रदूषण मापन केन्द्रको सञ्चालन	मर्मत सम्भार कार्य गर्ने।	३ वर्ष र पछि निरन्तर	हालसम्म स्थापित वायु प्रदूषण मापन केन्द्र पूर्णरूपमा सञ्चालनमा रहने।	वातावरण विभाग	कृषि, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालयहरू
३	वायु प्रदूषण मापन तथा अनुगमन	किफायती उपकरण तथा अन्तर्राष्ट्रिय माध्यमबाट सूचना प्राप्त गर्ने।	निरन्तर	सबै नगरपालिकामा एक एक वटा किफायती पिएम २.५ प्रदूषण मापन यन्त्रको जडान भएको हुने। अन्तर्राष्ट्रिय माध्यमबाट वायु प्रदूषणको अवस्थाको सूचना संकलन भएको हुने।	वातावरण विभाग, स्थानीय तह	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग, प्रदेश सरकार

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार निकाय	सहयोगी निकाय
		भू-उपग्रहीय माध्यमबाट वायु प्रदूषण मापन गर्ने।	निरन्तर	भूउपग्रहीय माध्यमबाट वायु प्रदूषणजन्य तथ्याङ्क उपलब्ध तथा विश्लेषण भएको हुने।	वातावरण विभाग	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग, विश्वविद्यालयहरू, अनुसन्धान प्रतिष्ठानहरू, अन्तर्राष्ट्रिय संस्थाहरू, गैर सरकारी संस्थाहरू
		मोडेलिङ्ग विधिबाट वायु प्रदूषणको अवस्था सूचना संकलन गर्ने।	निरन्तर	मोडेलिङ्ग विधिबाट वायु प्रदूषण अवस्थाको सूचना संकलन गरेको हुने।	वातावरण विभाग	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग, विश्वविद्यालयहरू, अनुसन्धान प्रतिष्ठानहरू, वायु प्रदूषणजन्य विपद्सँग सम्बन्धित समर्पित प्रयोगशाला
		गणितिय नमूनीकरण (modelling) विधिद्वारा वायु प्रदूषण मापन गर्ने।	निरन्तर	गणितिय नमूनीकरण विधिबाट नेपालको प्रति वर्गकिलोमिटरको वायु प्रदूषण तथ्याङ्क उपलब्ध हुँदै जाने।	वातावरण विभाग	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग, विश्वविद्यालयहरू, अनुसन्धान प्रतिष्ठानहरू, अन्तर्राष्ट्रिय

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार निकाय	सहयोगी निकाय
						संघसंस्थाहरू, समर्पित प्रयोगशालाहरू
		वायु प्रदूषण मापन मोबाइल भ्यान सञ्चालन गर्ने।	५ वर्ष	कम्तिमा १ वटा मोबाइल मापन भ्यान सञ्चालनमा आएको हुने।	वातावरण विभाग	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विश्वविद्यालयहरू, अनुसन्धान प्रतिष्ठानहरू
४	वायु प्रदूषणजन्य विपद्को वर्गीकरण	विपद् जोखिम तथा सङ्कटोन्मुखताको स्तर निर्धारण गर्ने।	३ वर्ष र पछि निरन्तर	वायु प्रदूषणजन्य विपद्को सङ्कटोन्मुखताको मापदण्ड परिस्कृत गरिएको हुने। सबै पालिकाको वायु प्रदूषणजन्य विपद्को सङ्कटोन्मुखता निर्धारण भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	वातावरण विभाग, नेपाल मौसम विज्ञान विभाग, स्थानीय तह
५	वायु प्रदूषणजन्य विपद् पूर्वानुमान	प्रदूषणको वृद्धिदर तथा प्रवृत्ति (Trend analysis) विश्लेषण गर्ने। वायु प्रदूषण र विपद् जोखिम पूर्वानुमान गर्ने।	३ वर्ष	कम्तिमा सबै नगरपालिकामा वायु प्रदूषणजन्य विपद्को पूर्वानुमान गर्न सक्ने क्षमता विकास भएको हुने।	वातावरण विभाग, नेपाल मौसम विज्ञान विभाग	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालयहरू, अनुसन्धान प्रतिष्ठानहरू

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार निकाय	सहयोगी निकाय
६	वायु प्रदूषणजन्य विपद्को सूचना	वायु प्रदूषणजन्य विपद् जोखिमको चेतावनी तथा पूर्वसूचना, निर्देशन तयार गरी पूर्वसूचना संप्रेषण गर्ने।	निरन्तर	वायु प्रदूषणजन्य विपद्को पूर्वानुमानको आधारमा पूर्वसूचना संप्रेषण गरेको हुने।	वातावरण विभाग, नेपाल मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, प्रदेश सरकार, स्थानीय तह, सञ्चार जगत
७	वायु प्रदूषण समाचार प्रकाशन प्रशारण	वायु प्रदूषण र वायु प्रदूषणजन्य विपद्सम्बन्धी सूचना तथा असर न्यूनीकरण सम्बन्धी सचेतनामूलक जानकारी प्रकाशन तथा प्रशारण गर्ने।	दैनिक	टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्चाल मार्फत वायु प्रदूषणको स्तरबारे समाचार प्रशारण हुने।	वातावरण विभाग, नेपाल मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, प्रदेश सरकार, स्थानीय तह, सञ्चार जगत
८	विपद् पोर्टलको स्तरोन्नति ।	विपद् पोर्टलमा वायु प्रदूषणजन्य विपद्सँग सम्बन्धित सूचना स्वचालित रूपमा एकिकृत गर्ने।	निरन्तर	विपद् पोर्टलमा वायु प्रदूषणजन्य सूचना एकिकृत भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	वातावरण विभाग, जल तथा मौसम विभाग, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालयहरू, अन्तर्राष्ट्रिय संघसंस्था

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार निकाय	सहयोगी निकाय
९	राष्ट्रिय स्तरमा एकीकृत रूपमा वायु प्रदूषक स्रोतको नियमित लगत राख्ने व्यवस्था गर्ने।	वायु प्रदूषण स्रोतहरूको लगत (Air Pollution Inventory) को व्यवस्था गर्ने।	५ वर्ष	वायु प्रदूषण स्रोतको लगतको व्यवस्था भएको हुने। औद्योगिक क्षेत्र, महानगरपालिका तथा उपमहानगरपालिकास्तर सम्मको खण्डिकृत तथ्याङ्क समेत उपलब्ध भएको हुने। उपलब्ध लगतको अध्यावधिक भएको हुने।	वातावरण विभाग, उद्योग विभाग	यातायात व्यवस्था विभाग, सहरी विकास तथा भवन निर्माण विभाग, प्रदेश विपद् तथा वातावरण कार्यक्षेत्र भएको मन्त्रालय, स्थानीय तह, विश्वविद्यालयहरू
१०	विभिन्न सञ्चार माध्यमबाट वायु प्रदूषणजन्य विपद् सम्बन्धी सामग्री सम्प्रेषण	सामाजिक संजाल र डिजिटल प्लेटफार्म लगायतका विभिन्न सञ्चार माध्यमबाट वायु प्रदूषणसम्बन्धी जनचेतनामूलक सामग्री सम्प्रेषण गर्ने।	१ वर्षभित्र र निरन्तर	सबै सञ्चार माध्यमबाट सचेतनामूलक सामग्री सम्प्रेषण भएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, प्रदेश सरकार, स्थानीय तह, सञ्चार जगत

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवार निकाय	सहयोगी निकाय
११	स्थानीय तहमा वायु प्रदूषणजन्य विपद् सम्बन्धी प्रतिवेदन तयार गर्ने।	स्थानीय तहमा वायु प्रदूषणजन्य विपद् सम्बन्धमा प्रतिवेदन तयार गर्ने।	१ वर्षभित्र र पछि निरन्तर	नगरपालिकाहरूले वायु प्रदूषणजन्य विपद् सम्बन्धी प्रतिवेदन प्रकाशन भएको हुने।	स्थानीय तह	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, स्थानीय अस्पतालहरू, गैर सरकारी संघसंस्थाहरू
१२	प्रदेशस्तरीय वायु प्रदूषणजन्य विपद्को अवस्था सम्प्रेषण।	सातै प्रदेशले वायु प्रदूषणको अवस्था सम्बन्धी प्रतिवेदन प्रकाशन गर्ने।	१ वर्षभित्र र पछि निरन्तर	प्रत्येक प्रदेशको वायु प्रदूषणजन्य विपद् सम्बन्धी प्रतिवेदन प्रकाशित भई उपयोग गरिएको हुने।	प्रदेश वातावरण कार्यक्षेत्र भएको मन्त्रालय	वातावरण विभाग, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, स्थानीय तह
१३	राष्ट्रिय वायु प्रदूषणजन्य विपद्को अवस्था सम्प्रेषण	देशभरिका वायु प्रदूषणजन्य विपद् सम्बन्धी विश्लेषण सहितको प्रतिवेदन प्रकाशन गर्ने।	१ वर्षभित्र र पछि निरन्तर	राष्ट्रियस्तरमा वायु प्रदूषणजन्य विपद् सम्बन्धी प्रतिवेदन तयार भएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	नेपाल मौसम विज्ञान विभाग, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सुरक्षा निकाय, स्वास्थ्य अनुसन्धान परिषद्, स्थानीय तह, विश्वविद्यालयहरू

१.२ वायु प्रदूषणजन्य विपद् सम्बन्धी तालिम, प्रशिक्षण तथा सचेतना अभिवृद्धि

क्र.सं.	विषय	क्रियाकलाप	समायावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहयोगी निकाय
१	वायु प्रदूषणजन्य विपद् सम्बन्धी स्थानीय तहमा कार्यशाला/गोष्ठी	प्रत्येक स्थानीय तहले वायु प्रदूषणबाट हुने विपद् सम्बन्धी प्रत्येक वडामा वार्षिक रूपमा सर्वसाधारण समेतको सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।	वार्षिक/ निरन्तर	स्थानीय तह वायु प्रदूषण मापन, विपद्को अवस्था, प्रतिकार्य तथा पुनर्लाभबारे समुदाय जानकार तथा सक्षम हुने।	स्थानीय तह	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, सुरक्षा निकाय, प्रदेश सरकार, विश्वविद्यालयहरू, संयुक्त राष्ट्रसंघीय निकायहरु, गैर सरकारी संघसंस्थाहरू, निजी क्षेत्र
२	वायु प्रदूषण तथा वायु प्रदूषणजन्य विपद् सम्बन्धी श्रव्यदृश्य कार्यक्रम सञ्चालन।	वायु प्रदूषणसम्बन्धी जनचेतनामूलक रेडियो र टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने।	१ वर्षभित्र र पछि निरन्तर	रेडियो र टेलिभिजनमा कार्यक्रम सञ्चालन भएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, प्रदेश सरकार, स्थानीय तह, सञ्चार जगत
३	वायु प्रदूषणजन्य विपद् प्रशिक्षण पाठ्यसामग्री प्रकाशन	विभिन्न तहका प्रशिक्षणका लगि वायु प्रदूषणजन्य विपद् जोखिम मूल्याङ्कन, प्रदूषण मापन, पूर्वानुमान, सूचना प्रणाली, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ	१ वर्ष	पाठ्यसामग्री तयार हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	वातावरण विभाग, विज्ञान, प्रविधि तथा नवप्रवर्धन मन्त्रालय, विश्वविद्यालयहरू, प्रदेश सरकार,

क्र.सं.	विषय	क्रियाकलाप	समायावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहयोगी निकाय
		आदि विषयवस्तु सहितका पाठ्यसामग्री तयार गर्ने।				स्थानीय तह, संयुक्त राष्ट्रसंघीय निकायहरु
४	विद्यालयमा आधारित वायु प्रदूषण जोखिम जागरण अभियान	वायु प्रदूषण तथा वायु प्रदूषणजन्य विपद् विषय विद्यालय तहको पाठ्यक्रममा समावेश गरी पठनपाठन गराउने।	३ वर्ष	पाठ्यक्रममा वायु प्रदूषण विपद् सम्बन्धी विषय समावेश भएको हुने।	विज्ञान, प्रविधि तथा नवप्रवर्धन मन्त्रालय	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातवारण विभाग, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह, गैर सरकारी संघसंस्थाहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु
५	स्थानीय तहका जनप्रतिनिधिहरूलाई प्रशिक्षण	जनप्रतिनिधिहरूलाई वायु प्रदूषणजन्य विपद् पूर्वतयारी, प्रतिकार्य, उद्धार तथा पुनर्लाभ सम्बन्धी तालिम तथा प्रशिक्षण दिने। वायु प्रदूषणजन्य विपद् सम्बन्धी नीति नियम लगानी आदि सम्बन्धी जानकारी दिने।	वार्षिक निरन्तर	सबै पालिकाहरूका वडाहरूका कम्तिमा एक जना सम्पर्क व्यक्तिलाई तालिममा प्रशिक्षण प्रदान गरिएको हुने।	स्थानीय तह	भूमि व्यवस्था, सहकारी, भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, प्रदेश सरकार, विकास साझेदार, संयुक्त राष्ट्रसंघीय निकाय, गैर सरकारी निकायहरु
६	वायु प्रदूषणजन्य विपद् प्रभाव मूल्याङ्कन सम्बन्धी प्रशिक्षण	वायु प्रदूषणजन्य विपद् जोखिम उच्च व्यवसाय तथा परियोजनाहरूको	२ वर्षपछि र निरन्तर	पाठ्यक्रम तयार हुने। प्रशिक्षकहरू तयार हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय/उद्योग विभाग, नेपाल

क्र.सं.	विषय	क्रियाकलाप	समायावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहयोगी निकाय
		सञ्चालन पूर्व विपद् प्रभाव मूल्याङ्कन सम्बन्धी व्यावसायिक प्रशिक्षण दिने।		कम्तिमा १०० जना विज्ञ प्रशिक्षक तयार गर्ने।	न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	मौसम विज्ञान विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ, विश्वविद्यालयहरु
७	व्यवसाय निरन्तरता सम्बन्धी प्रशिक्षण	वायु प्रदूषणजन्य विपद्को अवस्थामा व्यवसाय निरन्तर सञ्चालन सम्बन्धी प्रशिक्षण दिने।	१ वर्षपछि र निरन्तर	पाठ्यक्रम तयार हुने। प्रशिक्षकहरू तयार हुने। कम्तिमा १०० जना विज्ञ प्रशिक्षक तयार गर्ने।	उद्योग विभाग, वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ
८	सुरक्षाकर्मीहरूलाई वायु प्रदूषणजन्य विपद् सम्बन्धी प्रशिक्षण	सुरक्षाकर्मीहरूलाई वायु प्रदूषणजन्य विपद् प्रतिकार्य उद्धार तथा पुनर्लाभ सम्बन्धी तालिम तथा प्रशिक्षण प्रदान गर्ने।	वार्षिक निरन्तर	सुरक्षाकर्मीहरूलाई तालिम प्रशिक्षण प्रदान गरिएको हुने।	सुरक्षा निकाय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	गृह मन्त्रालय, रक्षा मन्त्रालय
९	वायु प्रदूषणजन्य विपद् सम्बन्धी चिकित्सक तथा स्वास्थकर्मीहरूलाई प्रशिक्षण	प्रत्येक वायुप्रदूषणजन्य विपद्बाट सुरक्षा दिन तोकिएका अस्पतालहरूको सम्बन्धित चिकित्सकहरू तथा स्वास्थ्यकर्मीहरूलाई तालिम दिने।	वार्षिक, निरन्तर	सम्बन्धित चिकित्सकहरू तथा स्वास्थ्यकर्मीहरूलाई तालिम दिइएको हुने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
१०	वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन	घरभित्र हुने प्रदूषण र घरबाहिर हुने प्रदूषणको विपद् र समाधान सम्बन्धी	निरन्तर	कम्तिमा प्रतिवर्ष राष्ट्रिय वा अन्तर्राष्ट्रिय सम्मेल भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	वातावरण विभाग, अन्य विपद् सम्बद्ध सरकारी तथा गैर सरकारी निकायहरु, सुरक्षा निकाय, विश्वविद्यालयहरू, प्रदेश

क्र.सं.	विषय	क्रियाकलाप	समायावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहयोगी निकाय
	सम्बन्धी ज्ञान, प्रविधि तथा सिप आदानप्रदान।	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहको सम्मेलन गर्ने।				सरकार, स्थानीय तह, संयुक्त राष्ट्रसंघीय निकायहरु, विकास साझेदार

१.३ वायु प्रदूषणजन्य विपद् सम्बन्धी अध्ययन अनुसन्धान

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहगोगी निकाय
१	वायु प्रदूषणले निम्त्याएका वा निम्त्याउन सक्ने मानव स्वास्थ्य सम्बन्धी असर तथा स्वास्थ्य सम्बन्धी विपद् जोखिम बारे अध्ययन	घरबाहिर र घरभित्र हुने वायु प्रदूषण र यसले निम्त्याएका जनस्वास्थ्य र स्वास्थ्य विपद्को जोखिम सम्बन्धी अध्ययन गर्ने। बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति एवं अन्य सिमान्तकृत समूहमा वायु प्रदूषणले पारेको वा पार्न सक्ने असर बारे अध्ययन गर्ने।	निरन्तर	अनुसन्धान प्रतिवेदनहरू प्राप्त भई कार्ययोजना पृष्ठपोषण हुने।	स्वास्थ तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य अनुसन्धान परिषद्	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, नेपाल मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालयहरु, अनुसन्धान संस्थाहरु, विकास साझेदार
२	वायु प्रदूषणले निम्त्याएका पशुपन्छी, कृषि बाली तथा बोटविरुवामा पर्ने असर सम्बन्धी अध्ययन	वायु प्रदूषण तथा वायु प्रदूषण जन्य विपद्को अवस्थाबाट घरपालुवा पशुपन्छी, कृषिबालीलाई पर्ने असरबारे अध्ययन गर्ने।	निरन्तर	अनुसन्धान प्रतिवेदनहरू प्राप्त भई कार्ययोजना सुधारको लागि पृष्ठपोषण प्राप्त हुने।	कृषि, वन तथा वातावरण मन्त्रालय, कृषि अनुसन्धान परिषद्	वातावरण विभाग, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालयहरु, संघसंस्थाहरु

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहगोगी निकाय
३	वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययन तथा अनुसन्धान	वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ विधि, पद्धति र प्रविधि विकासको अध्ययन अनुसन्धानको लागि छात्रवृत्ति प्रदान गर्ने।	वार्षिक	प्रतिवेदन तथा प्रकाशनहरू भएको हुने।	विज्ञान प्रविधि तथा नवप्रवर्धन मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग	वातावरण विभाग, विश्वविद्यालयहरु
४	बाह्य वायु प्रदूषण प्रसरण र असर अध्ययन अनुसन्धान।	अन्तरदेशीय वायु प्रदूषणको अवस्था, नेपालतर्फ हुने प्रसरण प्रकृया, मात्रा र असर एवं असर न्यूनीकरणबारे अध्ययन तथा अनुसन्धान गर्ने। अन्तरपालिका वायु प्रदूषणको अवस्थाबारे अध्ययन गर्ने।	निरन्तर	कम्तिमा एउटा वृहत अध्ययन भएको हुने।	वातावरण विभाग	विश्वविद्यालयहरू, वायु प्रदूषणजन्य विपद् समर्पित प्रयोगशालाहरू, अनुसन्धानमूलक संघसंस्थाहरु, विकास साझेदार
५	स्वच्छ ऊर्जा तथा सफा चुलो र वायु प्रदूषण सम्बन्धी अनुसन्धान	घरायसी वायु प्रदूषण न्यून गर्न स्वच्छ ऊर्जा तथा सफा चुलो सम्बन्धी अनुसन्धान गर्ने।	निरन्तर	स्वच्छ ऊर्जा तथा सफा चुलोको विकास भएको हुने।	वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र	वातावरण विभाग, विश्वविद्यालयहरू, अनुसन्धान निकायहरू, अन्तर्राष्ट्रिय संघसंस्थाहरू

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहगोगी निकाय
६	वायु प्रदूषणजन्य विपद्— अर्थतन्त्र अन्तरसम्बन्ध अध्ययन	वायु प्रदूषण र यसले अर्थतन्त्रमा परेको प्रभाव तथा गरिबीको रेखामुनी रहेका जनसंख्यामा परेको असर अध्ययन गर्ने।	निरन्तर	अनुसन्धान प्रतिवेदन प्राप्त भई उपयुक्त आर्थिक नीति तथा कार्ययोजना तय हुने।	अर्थ मन्त्रालय	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विश्वविद्यालयहरू, अनुसन्धानमूलक निकायहरू

रणनीतिक कार्यक्षेत्र २ : वायु प्रदूषणजन्य विपद् सम्बन्धी संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण

क्र.सं.	विषय	क्रियाकलाप	समयावधी	सूचक	जिम्मेवार निकाय	सहयोगी र सहकार्य निकाय
१	बैठकहरू	वायु प्रदूषणजन्य विपद्को व्यवस्थापन सम्बन्धमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एजेण्डासहित राष्ट्रिय परिषद्को बैठक गर्ने।	वार्षिक	बैठक निर्णय कार्यान्वयन भएको हुने।	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	गृह मन्त्रालय, , वातावरण विभाग
		वायु प्रदूषणजन्य विपद्को व्यवस्थापन सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठक गर्ने।	अर्धवार्षिक		राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	गृह मन्त्रालय

क्र.सं.	विषय	क्रियाकलाप	समयावधी	सूचक	जिम्मेवार निकाय	सहयोगी र सहकार्य निकाय
		वायु प्रदूषणजन्य विपद्को व्यवस्थापन सम्बन्धमा प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठक गर्ने।	अर्धवार्षिक		मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्	प्रदेशमा विपद् तथा वातावरण कार्यक्षेत्र भएको मन्त्रालय, स्थानीय तह
		वायु प्रदूषणजन्य विपद्को व्यवस्थापन सम्बन्धमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक गर्ने।	चौमासिक		प्रदेशको विपद् कार्यक्षेत्र भएको मन्त्रालय	
		वायु प्रदूषणजन्य विपद्को व्यवस्थापन सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक गर्ने।	चौमासिक		जिल्ला प्रशासन कार्यालय	स्थानीय तह, सुरक्षा निकाय
		वायु प्रदूषणजन्य विपद्को व्यवस्थापन सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक गर्ने।	चौमासिक		स्थानीय तह	जिल्ला विपद् व्यवस्थापन समिति
		वायु प्रदूषणजन्य विपद्को सीमापारबाट हुने प्रदूषण सम्बन्धमा	वार्षिक		परराष्ट्र मन्त्रालय	गृह मन्त्रालय, कृषि, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, राष्ट्रिय

क्र.सं.	विषय	क्रियाकलाप	समयावधी	सूचक	जिम्मेवार निकाय	सहयोगी र सहकार्य निकाय
		छिमेकी तथा मित्रराष्ट्रहरूसँग संवाद छलफल गर्ने।				विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
२	वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना	स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा लगायतका विपद् र जलवायु परिवर्तनसँग सम्बन्धित योजनाहरुसँग सामञ्जस्यता हुने गरी प्रत्येक पालिकस्तरमा वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना लागू गर्ने। (यस्तो कार्ययोजना एकभन्दा बढी स्थानीय तहहरू मिलेर वा प्रदेशस्तरमा समेत तयार गर्न सकिनेछ।)	३ वर्षपछि निरन्तर	कार्ययोजना तयार भएर लागू भएको हुने।	स्थानीय तह	भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, प्रदेश सरकार, गैर सरकारी संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरु
३	वायु प्रदूषणजन्य विपद् घोषणा	पहिलो तहको विपद्	वायु प्रदूषणजन्य विपद्को स्तर बमोजिम	विपद् वर्गीकरण तथा इलाका तथा निर्देशनसहित विपद् घोषणा	स्थनीय तह	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग, प्रदेश सरकार
		दोस्रो तहको विपद्		पूर्वसूचना जारी भएको हुने।	जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

क्र.सं.	विषय	क्रियाकलाप	समयावधी	सूचक	जिम्मेवार निकाय	सहयोगी र सहकार्य निकाय
						प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग, प्रदेश सरकार
		तेस्रो तह तथा चौथौ तहको निर्देशन सहितको विपद्को घोषणा			राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	वातावरण विभाग, नेपाल मौसम विज्ञान विभाग, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह,
४	विपद् अवस्था नरहेको घोषणा	वायु प्रदूषणको स्तर विपद्को अवस्थाभन्दा कम भए पछि विपद्को अवस्था नरहेको घोषणा	प्रदूषणजन्य विपद् नियन्त्रण आए पश्चात्, पहिलो र दोस्रो तहभन्दा कम भए पश्चात्	विपद् प्रतिबन्धहरू हटाउने या छुट दिने घोषणा गर्ने	स्थनीय तह, जिल्ला विपद् व्यवस्थापन समिति	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह
		वायु प्रदूषणको स्तर विपद्को अवस्थाभन्दा कम भएपछि विपद्को अवस्था नरहेको घोषणा गर्ने।	प्रदूषणजन्य विपद् नियन्त्रण आए पश्चात्, तेस्रो तहभन्दा कम भए पश्चात्	विपद् फुकाउने या प्रतिबन्धमा छुट दिने घोषणा गरिएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग	प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह
५	समन्वय	अन्तर स्थानीय तह विपद् समन्वय कार्य गर्ने।	वार्षिक तथा विपद्को समयमा	समन्वय भएको हुने।	जिल्ला विपद् व्यवस्थापन समिति	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह

क्र.सं.	विषय	क्रियाकलाप	समयावधी	सूचक	जिम्मेवार निकाय	सहयोगी र सहकार्य निकाय
		अन्तर जिल्ला विपद् समन्वय कार्य गर्ने।			प्रदेश सरकार	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह
६	कार्यविधिहरू	स्थानीय स्तरमा जोखिम रूपरेखा, सूचना प्रवाह, समन्वय, योजना तर्जुमा, कोष सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, पृष्ठपोषण संकलन जस्ता विषयमा कार्यविधिहरू तर्जुमा गर्ने।	१ वर्ष	कार्यविधिहरू तयार भई उपयोग भएको हुने।	स्थानीय तह, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह
७	जिम्मेवार व्यक्ति तोक्ने	सबै पालिका, सम्बन्धित प्रदेशको विपद् तथा वातावरण हेर्ने मन्त्रालयमा वायु प्रदूषण विपद् सम्बन्धी जिम्मेवार व्यक्ति तोक्ने वा समिति गठन गर्ने।	१ वर्ष र पछि निरन्तर	व्यक्तिहरू तोकिएको हुने।	प्रदेश सरकार, स्थानीय तह	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
८	ऐन नियम तर्जुमा तथा संशोधन	यस कार्ययोजना सञ्चालनका लागि आवश्यकता बमोजिम विद्यमान ऐन नियममा संशोधन गर्ने।	२ वर्ष	ऐन नियम संशोधन तथा एकीकृत र समन्वयात्मक कानूनी व्यवस्था भएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, स्थानीय तह

क्र.सं.	विषय	क्रियाकलाप	समयावधी	सूचक	जिम्मेवार निकाय	सहयोगी र सहकार्य निकाय
९	प्रदूषणको जोखिम स्तर वर्गीकरण मापदण्ड	सङ्कटोन्मुखता मापन तथा वर्गीकरण विधिको मान्यता, अध्ययन, अनुसन्धान आदि प्राविधिक विषयको निर्णय गर्ने।	निरन्तर	प्राविधिक विषयहरूमा निर्णय भएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	नेपाल मौसम विज्ञान विभाग, विश्वविद्यालयहरू
१०	अनुगमन तथा मूल्याङ्कन	वायु प्रदूषणजन्य विपद् सम्बन्धी योजना तथा कार्यान्वयनको अवस्था प्रभावकारिता र कार्यकुशलताको आधारमा अनुगमन मूल्याङ्कन भई पृष्ठपोषण उपलब्ध हुने।	वार्षिक	अनुगमन तथा मूल्याङ्कन भएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, स्थानीय तह

रणनीतिक कार्यक्षेत्र ३ : वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरणको लागि उत्थानशीलता वृद्धि गर्न वृहत जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन

३.१ वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि सार्वजनिक लगानी

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहयोगी निकाय
१	वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा	संघ, प्रदेश तथा स्थानीय तहले विपद् बजेट तर्जुमा गर्दा वायु प्रदूषणजन्य विपद्लाई समेत समावेश गर्ने र विपद् बजेटको व्यवस्था गर्ने।	१ वर्ष र पछि निरन्तर	बजेट तर्जुमा भएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग, प्रदेश सरकार, स्थानीय तह	अर्थ मन्त्रालय

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहयोगी निकाय
२	वायु प्रदूषण विपद् कोषको व्यवस्थापन (eco DRR Fund) DRR Fund	विपद् बजेट (संघ, प्रदेश तथा स्थानीय तह) विनियोजना गर्ने। हरित जलवायु कोषको रकमको उपयोग गर्ने। प्रदूषण करको २०% विपद् व्यवस्थापन कोषमा योगदान दिने। अन्तर्राष्ट्रिय सहयोग उपयोग गर्ने।	वार्षिक तथा निरन्तर	वार्षिक बजेट छुट्याइएको हुने। रकम उपलब्ध भएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	अर्थ मन्त्रालय, कृषि, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू
३	प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको रकम वायु प्रदूषण विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीमा समेत खर्च गर्न मिल्ने व्यवस्था गर्ने।	१ वर्ष र पछि निरन्तर	बजेट उपलब्ध भएको हुने।	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	अर्थ मन्त्रालय
४	विकास बजेट	वायु प्रदूषणजन्य विपद् पश्चात्, विपद् प्रतिकार्य, पुनर्लाभको लागि विपद् बजेट अपुग भएमा विकास बजेटबाट रकमान्तर गर्न मिल्ने व्यवस्था गर्ने।	१ वर्ष र पछि निरन्तर	विपद्को अवस्थामा बजेट उपलब्ध हुने व्यवस्था भएको हुने।	राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	प्रदेशमा विपद् तथा वातावरण कार्यक्षेत्र भएको मन्त्रालय, स्थानीय तह

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहयोगी निकाय
५	बजेट कार्यान्वयन	बजेट कार्यान्वयन कार्यविधि तर्जुमा गर्ने।	१ वर्ष	कार्यविधि तर्जुमा भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	अर्थ मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, वातावरण विभाग, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु
६	अनुगमन तथा मूल्याङ्कन	अनुगमन तथा मूल्याङ्कन गर्ने।	वार्षिक	अनुगमन तथा मूल्याङ्कन भई प्रतिवेदन उपलब्ध भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, सम्बन्धित सबै निकाय	प्रदेशमा विपद् तथा वातावरण कार्यक्षेत्र भएको मन्त्रालय, स्थानीय तह, महालेखापरीक्षकको कार्यालय
७	प्रदूषणजन्य विपद् दायित्व बीमा व्यवस्थापन	बीमा सेवा उपलब्ध गर्ने।	२ वर्ष र पछि निरन्तर	बीमा सेवा सञ्चालनमा आएको हुने।	बीमा प्राधिकरण, वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह

३.२ वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी लगानीको प्रवर्धन

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्मेवारी निकाय	सहयोगी निकाय
१	वायु प्रदूषणको असर तथा आर्थिक-सामाजिक प्रभाव मूल्याङ्कन	उच्च वायु प्रदूषणजन्य विपद् जोखिमयुक्त उद्योग व्यवसायले सेवा सञ्चालन पूर्व विपद् प्रभाव मूल्याङ्कन गरी जोखिम न्यूनीकरण कार्य गर्ने।	२ वर्ष र पछि निरन्तर	उच्च जोखिमयुक्त उद्योग व्यवसाय स्थापना पूर्व विपद् प्रभाव मूल्याङ्कन कार्य गरेको हुने।	उद्योग विभाग, उद्योग व्यवसायीहरू	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग
२	वायु प्रदूषणजन्य विपद्को समयमा व्यापार तथा व्यवसायको लागि निरन्तरता व्यवस्थापन प्रणाली (Business Continuity Management System)	व्यवसायीहरूले वायु प्रदूषणजन्य विपद् जोखिम तथा व्यवसायमा हुने अवरोधहरूको आकंलन तथा प्रतिकार्यको लागि पूर्वतयारी गर्ने।	३ वर्ष	विपद्को समयमा कम्तिमा ५० व्यवसायमा व्यवसाय निरन्तरता व्यवस्थापन प्रणाली तयार भई कार्यान्वयनमा भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, उद्योग विभाग, वातावरण विभाग, उद्योग व्यवसायीहरू	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
३	विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ कार्यमा निजी क्षेत्रको लगानी	प्रदूषण मापन तथा वायु प्रदूषणमैत्री उपकरणहरूको प्रवाह आदि व्यवसाय सञ्चालनमा लगानी गर्ने।	१ वर्ष	वायु प्रदूषणसँग सम्बन्धी व्यवसायमा निजी क्षेत्रको लगानी बढेको हुने।	उद्योग व्यवसायीहरू	अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ लगायतका निजी क्षेत्र

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्मेवारी निकाय	सहयोगी निकाय
४	संस्थागत सामाजिक उत्तरदायित्व	संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा योगदान दिने।	निरन्तर	वायु प्रदूषणजन्य विपद् नियन्त्रणको लागि उद्योग व्यवसायहरूले संस्थागत उत्तरदायित्व अन्तर्गत निवेश गरेको हुने।	उद्योग विभाग, उद्योग व्यवसायीहरू	अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ लगायतका निजी क्षेत्र
५	नागरिकको व्यक्तिगत लगानी	गाडीहरूको मर्मत सम्भार तथा प्रदूषणमैत्री गाडी, धुवाँरहित चुलो, अग्नि समन यन्त्र जस्ता वातावरणमैत्री साधनहरूको लगानी गर्न प्रोत्साहन दिने।	निरन्तर	धुवाँरहित चुलोको प्रयोग, समयमै गाडी मर्मत सम्भार गरी प्रदूषण मापदण्ड पूरा गरिएको हुने।	आम नागरिक, नागरिक समाज, संघसंस्थाहरु	अर्थ मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

रणनीतिक कार्यक्षेत्र ४ : प्रभावकारी वायु प्रदूषणजन्य विपद् प्रतिकार्य, पुनर्लाभ (पुनर्निर्माण तथा पुनर्स्थापना) मा अझ राम्रो र बलियो निर्माणका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

४.१ वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
१	वायु प्रदूषणजन्य विपद् सङ्कटोन्मुख क्षेत्रको पहिचान	वायु प्रदूषणजन्य विपद् सङ्कटोन्मुख क्षेत्रको पहिचान तथा वर्गीकरण गर्ने।	२ वर्ष	वायु प्रदूषणजन्य विपद्को वर्गीकरण मापदण्ड तर्जुमा	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,	प्रदेश सरकार, सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
				हुने। वायु प्रदूषणजन्य विपद् सङ्कटोन्मुख स्थानहरूको पहिचान तथा वर्गीकरण हुने।	वातावरण विभाग, स्थानीय तह	समिति, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु
२	वायु प्रदूषण न्यूनीकरण	वायु प्रदूषण विपद् उच्च सङ्कटोन्मुख सबै सहर तथा ग्रामीण क्षेत्रको लागि परिमाणात्मक न्यूनीकरण लक्ष्य सहितको विशिष्ट कार्ययोजना लागू गर्ने।	४ वर्ष	न्यूनीकरण लक्ष्य तथा कार्यान्वयन कार्ययोजना तयार भएको हुने।	स्थानीय तह	कृषि, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, विश्वविद्यालायहरू, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु
३	उत्सर्जन मापदण्ड निर्धारण, कार्यान्वय र नियमन	कलकारखानको उत्सर्जन मापदण्डको समीक्षा तथा परिमार्जन गर्ने।	२ वर्ष	अद्यावधिक मापदण्डहरूको तर्जुमा भएको हुने।	उद्योग विभाग, वातावरण विभाग	कृषि, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, यातायात व्यवस्था विभाग

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
		खनिज तेलबाट सञ्चालन हुने नयाँ गाडीको मापदण्ड यूरो ६ लाई प्रभावकारी रूपमा लागू गर्ने।	१ वर्ष	प्रभावकारी ढंगले सवारी साधनहरूमा यूरो ६ लागू भएको हुने।	कृषि, वन तथा वातावरण मन्त्रालय, यातायात व्यवस्था विभाग, वातावरण विभाग	पूर्वाधार विकास मन्त्रालय, ट्राफिक प्रहरी कार्यालय
४	विपद् प्रभाव मूल्याङ्कन	सूचीकृत विपद् सङ्कटोन्मुख उद्योग व्यवसायहरू (प्रज्वनशील पदार्थको उत्पादन, परिवहन, भण्डारण, वितरण, उपयोगजस्ता गतिविधि हुने व्यवसाय) ले उद्योग सञ्चालनमा ल्याउनुपूर्व विपद् प्रभाव मूल्याङ्कन गर्ने।	३ वर्ष	उद्योग व्यवसाय सूचीकृत भएको हुने, विपद् प्रभाव मूल्याङ्कनको कार्यविधि तयार भएको हुने, विपद् प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको हुने।	उद्योग विभाग/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु
५	विपद् सङ्कटोन्मुख आर्थिक तथा सामाजिक क्षेत्र, उद्योग व्यवसायको विपद् प्रभाव मूल्याङ्कन निरीक्षण गर्ने	सूचीकृत विपद्को जोखिममा रहेका उद्योग व्यवसायको सुरक्षा व्यवस्था सम्बन्धी नियमित अनुगमन तथा नियन्त्रण गर्ने।	वार्षिक/ निरन्तर	प्रज्वलनशील पदार्थको उत्पादन, परिवहन, वितरण, भण्डारण र उपयोग गतिविधि हुने व्यवसायको सुरक्षा मापदण्ड तयार भएको हुने। अनुगमन तथा नियन्त्रण हुने।	उद्योग विभाग/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	वातावरण विभाग, विज्ञान प्रविधि तथा नवप्रवर्धन मन्त्रालय, सम्बन्धित निजी क्षेत्र, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
६	उत्सर्जन निरीक्षण	कलकारखानाको उत्सर्जनको नियमित अनुगमन गरी नियन्त्रण गर्ने।	वार्षिक निरन्तर	अनुगमन तथा नियन्त्रण गरी प्रतिवेदन तयार भएको हुने।	उद्योग विभाग, वातावरण विभाग	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह, सम्बन्धित संघ संस्थाहरू
७	औद्योगिक अनुगमन	इट्टाभट्टा, सिमेन्ट तथा अन्य उद्योगहरूबाट उत्सर्जन हुने वायु प्रदूषणको नियमित अनुगमन तथा नियन्त्रण गर्ने।	वार्षिक निरन्तर	अनुगमन भई उत्सर्जन मापदण्डभित्र रहेको हुने।	उद्योग विभाग, वातावरण विभाग	गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह, सम्बन्धित संघसंस्थाहरू
८	सवारी साधनको उत्सर्जन अनुगमन तथा नियमन	सवारी साधनको उत्सर्जनको नियमित अनुगमन र नियन्त्रण गर्ने।	वार्षिक र निरन्तर	अनुगमन भई उत्सर्जन मापदण्डभित्र रहेको हुने।	यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, स्थानीय तह	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, प्रदेश सरकार
९	वायु प्रदूषण उत्सर्जन तथा जोखिम क्षेत्रमा हरियाली क्षेत्र निर्धारण तथा कार्यान्वयन	फराकिलो सडक पेटीमा रुख हुर्काउने।	वार्षिक/ निरन्तर	बोटविरुवा रोपेको र हुर्केको हुने	कृषि, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, सडक विभाग	वातावरण विभाग, पर्यटन विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह, विपद्

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
						सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु
		सहरी तथा औद्योगिक क्षेत्रमा हरियाली बढाउने।	निरन्तर	महानगर, उपमहानगर र नगरपालिकाहरूमा कम्तिमा ५% क्षेत्र हरियाली क्षेत्र भएको हुने।	वन तथा भू-संरक्षण विभाग, स्थानीय तह	वातावरण विभाग, सडक विभाग, विद्यालय कलेज, विश्वविद्यालय, सरकारी कार्यालयहरू, निजी कार्यालयहरू, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु
		नाङ्गो डाँडामा स्थानीय हावापानीमा हुर्कने, धुवाँधुलो सोस्न सक्ने साथै स्थानीय समुदायको जीविकोपार्जनमा उपयोगी हुने जडीबुटी तथा रुख प्रजातीका विरुवा रोप्ने र हुर्काउने तथा डढेलोबाट बचाउने व्यवस्था गर्ने।	वार्षिक/ निरन्तर	हरियाली क्षेत्र बढेको हुने।	वन तथा भू-संरक्षण विभाग, स्थानीय तह	वातावरण विभाग, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति
१०	भौतिक पूर्वाधार निर्माण तथा विनिर्माण गर्दा हुने वायु प्रदूषण नियन्त्रण गर्न आवश्यक नियमन।	सहरी क्षेत्रमा हुने निर्माण सामग्रीको ओसारपसार वातावरणमैत्री बनाउने, सडक पेटिमा थुपार्न पूर्णत रोक लगाउने	२ वर्ष र त्यसपछि निरन्तर	सहरी क्षेत्रमा हुने निर्माण वातावरणमैत्री भएको हुने।	आयोजनासँग सम्बन्धित निकाय, प्रदेश सरकार, स्थानीय तह	वातावरण विभाग, पूर्वाधार विकास मन्त्रालय, सडक विभाग, सुरक्षा निकाय, निजी क्षेत्र, नागरिक समाज

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
		र सडक तत्काल मर्मत सम्भार गरी तोकिएको स्तर सधैंभरी कायम गर्ने।				
		सहरी क्षेत्रमा भौतिक पूर्वाधार निर्माण गर्दा तथा भत्काउँदा प्रदूषण नियन्त्रणका लागि बनेको कार्यविधि परिपालन गर्ने।	वार्षिक/ निरन्तर	कार्यविधि परिपालना गरेको हुने।	आयोजनासँग सम्बन्धित निकाय, निजी क्षेत्र, स्थानीय तह	शहरी विकास तथा भवन निर्माण विभाग, वातावरण विभाग, सडक विभाग, खानेपानी तथा ढल निकास विभाग, विद्युत प्राधिकरण, नेपाल दूरसंचार प्राधिकरण, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सम्बन्धित सबै निकायहरु
११	सफाइ तथा वातावरणीय पुनर्उत्थान	सडकमा विभिन्न कारणले रहन गएको धुलोमैलो जम्मा हुने र उड्ने अवस्थाको न्यूनीकरण गर्ने।	निरन्तर	सडक सफा, सुन्दर र धुलोमैलो रहित भएको हुने।	स्थानीय तह	सडक विभाग, वातावरण विभाग, नागरिक समाज, सम्बन्धित सबै निकायहरु
१२	स्वच्छ ऊर्जा तथा प्रविधि	ग्रामीण क्षेत्रमा सुधारिएक चुलो तथा विद्युतीय चुलो प्रवर्धन गर्ने।	वार्षिक र निरन्तर	लाभान्वित परिवार र स्थानीय ऊर्जा खपतमा सुधार भएको हुने।	वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, विद्युत विकास विभाग, स्थानीय तह	वातावरण विभाग, प्रदेश सरकार

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
		ऊर्जा किफायती भवन निर्माण प्रवर्द्धन गर्ने।	निरन्तर	सम्भाव्यता अध्ययन भई भवनसंहितामा समावेश भएको हुने।	सहरी विकास तथा भवन निर्माण विभाग	विश्वविद्यायलयका सम्बन्धित विभाग, सहरी विकास मन्त्रालय, वातावरण विभाग, सम्बन्धित प्रदेश मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र
१३	फोहरमैला व्यवस्थापन	सुरक्षित तथा वैज्ञानिक तवरबाट फोहर व्यवस्थापन गर्ने।	५ वर्ष	वैज्ञानिक फोहर व्यवस्थापन प्रणाली लागू भएको हुने।	स्थानीय तह	भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण विभाग, सहरी विकास तथा भवन निर्माण विभाग
		फोहरलाई खुला रूपमा जलाउने कार्यलाई दण्डित गर्ने।	निरन्तर	फोहरलाई खुला रूपमा जलाउने निषेध सम्बन्धी कार्यविधि लागू भई फोहर खुला रूपमा जलाउने कार्य रोकेको हुने।	स्थानीय तह	वातावरण विभाग, वातावरण हेर्ने प्रदेश मन्त्रालय, सुरक्षा निकाय
१४	वन डढेलो नियन्त्रण	वन डढेलो नियन्त्रण सम्बन्धी रणनैतिक कार्ययोजना लागू गर्ने।	१ वर्ष र निरन्तर	वन डढेलो व्यवस्थापन रणनीति र सोसँग सम्बन्धित कार्ययोजना तयार भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कृषि, वन तथा	वन तथा भूसंरक्षण विभाग, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह, विपद् सम्बद्ध

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
					वातावरण मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति	सरकारी तथा गैर सरकारी निकायहरु
१५	कृषि अवशेष दोहन कार्य रोकथाम	कृषि अवशेष दोहन कार्य रोकथामको लागि विशिष्ट कार्ययोजना लागू गर्ने।	२ वर्ष	कार्ययोजना तयार भएको हुने।	स्थानीय तह, कृषि वन तथा वातावरण मन्त्रालय	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, कृषि विभाग, सम्बन्धित प्रदेश मन्त्रालय, स्थानीय तह
१६	धुवाँ उत्सर्जन नियन्त्रण गर्न आवश्यक नियमन।	अति धुवाँ निस्कासन गर्ने (Super Emitters) गाडीहरूलाई नियन्त्रण गर्ने।	१ वर्ष	भेइकल उत्सर्जन मापदण्डमा अति धुवाँ उत्सर्जन गर्ने गाडीलाई कम्तिमा एक महिना गाडी चलाउन रोक लगाउने सम्बन्धी विशेष व्यवस्था भएको हुने।	ट्राफिक प्रहरी कार्यालय, यातायात व्यवस्था विभाग, वातावरण विभाग	सम्बन्धित प्रदेश मन्त्रालय, स्थानीय तह
१७	धुवाँ उत्सर्जन अनुगमन प्रविधिको उपयोग तथा नियमन।	अत्यधिक धुवाँ उत्सर्जन गर्ने गाडीहरूलाई चेकजाँच प्रयोजनको लागि ट्राफिक प्रहरीलाई Vehicle Emission Analyzer/Vehicle emission opacity Meter/ Automotive Exhaust Gas Analyzer जस्ता उपकरणहरू उपलब्ध	१ वर्ष	उत्सर्जन मापदण्ड बमोजिम प्रभावकारी अनुगमन हुने।	ट्राफिक प्रहरी कार्यालय	यातायात व्यवस्था विभाग, वातावरण विभाग, सम्बन्धित प्रदेश मन्त्रालय, स्थानीय तह

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
		गराई नियमित अनुगमनको व्यवस्था गर्ने।				
१८	धुवाँ प्रदूषण बढाउने पूराना गाडीहरु विस्थापन गर्ने।	वायु प्रदूषण विपद् सङ्कटोन्मुख क्षेत्रमा पूराना गाडीहरू (२० वर्षभन्दा पूरानो सार्वजनिक यातायात साधन) चलाउन प्रतिबन्ध गर्ने।	निरन्तर	मापदण्ड तर्जुमा हुने र सो लागू भई पूराना गाडी सञ्चालनमा रोक लागेको हुने।	गृह मन्त्रालय, यातायात व्यवस्था विभाग	वातावरण विभाग, सम्बन्धित प्रदेश मन्त्रालय, स्थानीय तह, ट्राफिक प्रहरी
१९	उत्पादन तथा प्रशोधनमा वातावरणमैत्री प्रविधि र नियमन	इट्टा उत्पादनको हालको प्रविधि वुल्स ट्रेन्च किल्नलाई न्यून उत्सर्जन हुने टनेल प्रविधिबाट विस्थापन गर्ने अथवा त्यस्ता उद्योगहरू वाय प्रदूषणजन्य विपद् सङ्कटोन्मुख क्षेत्रमा सञ्चालन हुन नदिने। सो मापदण्ड पालन नगर्ने उद्योगहरूलाई प्रदूषण करको दायरामा ल्याउने।	५ वर्ष	नयाँ प्रविधिमा रुपान्तरण भएको हुने तथा सङ्कटोन्मुख क्षेत्रमा प्रदूषणजन्य उद्योगहरूको स्थापना हुने कार्यमा रोक लागेको हुने।	उद्योग विभाग/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वातावरण विभाग	यातायात व्यवस्था विभाग, प्रदेश सरकार, स्थानीय तह
		वैकल्पिक इट्टाको प्रयोगलाई प्रोत्साहन दिने। सरकारी भवन निर्माण गर्दा त्यस्तो उत्पादनलाई प्राथमिकता दिने।	१ वर्ष र निरन्तर	वैकल्पिक इट्टा प्रयोग सम्बन्धी कार्यविधि तयार भई लागू भएको हुने।	विज्ञान प्रविधि तथा नवप्रवर्धन मन्त्रालय	वातावरण विभाग, प्रदेश सरकार, स्थानीय तह

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
		कलकारखानामा प्रदूषण नियन्त्रणको लागि संयन्त्र स्थापनाको लागि कर छुट तथा अनुदान दिने।	१ वर्ष र निरन्तर	कर छुट तथा अनुदान सम्बन्धी बजेटको व्यवस्था भएको हुने।	अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग	वातावरण विभाग, प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, स्थानीय तह
		भर्टिकल साफ्ट क्लिन सिमेन्ट उत्पादनको इजाजतमा नियन्त्रण गर्ने।	२ वर्ष	भर्टिकल साफ्ट क्लिन सिमेन्ट उत्पादन इजाजतलाई प्रदूषणबाट सुरक्षित क्षेत्रमा मात्र सञ्चालन गर्न दिने व्यवस्था भएको हुने।	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	वातावरण विभाग, प्रदेश सरकार, स्थानीय तह
		इलेक्ट्रिक भेइकललाई प्रोत्साहन दिने।	निरन्तर	इलेक्ट्रिक गाडीलाई सुविधा दिइएको हुने।	अर्थ मन्त्रालय	पूर्वाधार विकास मन्त्रालय, वातावरण विभाग, प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, निजी क्षेत्र
		खनिज तेलमा सञ्चालन हुने गाडीहरू इभिमा रुपान्तरण गर्न सकिने व्यवस्था गर्ने।	१ वर्ष	ऐन नियम मापदण्डको व्यवस्था भएको हुने।	पूर्वाधार विकास मन्त्रालय	वातावरण विभाग, प्रदेश सरकार, स्थानीय तह

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचकाङ्क	जिम्म्वार निकाय	सहयोगी निकाय
१९	घरभित्रको धुवाँ नियन्त्रण	ग्रामीण क्षेत्रमा सफा इन्धन प्रयोग गर्ने प्रविधि तथा मेशिन औजारको प्रवर्द्धन गर्नको लागि अनुदान दिने।	१ वर्ष र निरन्तर	कर छुट तथा अनुदान सम्बन्धी बजेटको व्यवस्था भएको हुने।	अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह	वातावरण विभाग, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र
		विद्युतीय चुलो तथा न्यून धुवाँ सफा चुलोको प्रवर्धन गर्न कर छुट तथा अनुदान दिने।	निरन्तर	सफा चुलो तथा विद्युतीय चुलोको खपत बढेको हुने।	अर्थ मन्त्रालय, प्रदेश सरकार	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, स्थानीय तह, संघसंस्थाहरू

स्पष्टिकरणः स्थानीय तहले वायु प्रदूषणजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना तर्जुमा गर्दा आवश्यकता बमोजिम परिमार्जन गर्नुपर्ने हुन्छ। यसको लागि वातावरण विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग आवश्यक परामर्श गर्न सकिनेछ। यस सम्बन्धमा वातावरण विभागबाट थप गतिविधि सिफारिस गर्न सकिने छ।

४.२ वायु प्रदूषणजन्य विपद् व्यवस्थापनको पूर्वतयारी

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	जिम्मेवारी निकाय	सहयोगी निकाय
१	वायु प्रदूषण मापनको व्यवस्था	वास्तविक समय (Real Time) मा नतिजा प्रदान गर्ने सन्दर्भ मापनको व्यवस्थापन गर्ने।	५ वर्ष	प्रत्येक प्रदेशमा कम्तिमा एउटा विस्तृत सन्दर्भ वायु प्रदूषण मापन केन्द्र स्थापना भएको हुने।	वातावरण विभाग	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल मौसम विज्ञान विभाग, प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, स्थानीय तह, विश्वविद्यालयहरू

		किफायती प्रविधिको उपयोग गर्ने। अन्तर्राष्ट्रिय संघसंस्थाबाट भएका मापन नतिजाको उपयोग गर्ने।	३ वर्ष	नेपालको सबै पालिकाहरूको वायु प्रदूषण परीक्षणको व्यवस्था भएको हुने।	वातावरण विभाग, स्थानीय तह	नेपाल मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, विश्वविद्यालयहरू
		भू-उपग्रह प्रविधिको उपयोग, गणितीय नमूनीकरण विधिबाट प्रदूषण मापन गर्ने।	निरन्तर	प्रविधिहरूको उपयोग भएको हुने।	वातावरण विभाग	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, स्थानीय तह, विश्वविद्यालयहरू
२	सङ्कटाउन्मुख क्षेत्रको पहिचान	गत पाँच वर्षमा कम्तिमा सात दिनसम्म AQI २०० भन्दा माथि भएमा विपद् सङ्कटान्मुख क्षेत्र	३ वर्ष	विपद् सङ्कटोन्मुख क्षेत्रको पहिचान तथा वर्गीकरण भएको हुने।	वातावरण विभाग, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह	गृह मन्त्रालय, कृषि वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार
		गत पाँच वर्षमा AQI ३०० भन्दा माथि मापन भएमा विपद् मध्यम सङ्कटान्मुख क्षेत्र				
		गत पाँच वर्षमा AQI ४०० भन्दा माथि मापन भएमा उच्च सङ्कटान्मुख क्षेत्र				

		सबै महानगरपालिका र उपमहानगरपालिका, प्रदेश राजधानीलाई AQI मापन परिणामको वेगर पनि कम्तिमा सङ्कटान्मुख क्षेत्रको रूपमा लिन सकिने गरी व्यवस्था गर्ने।				
३	वायु प्रदूषणजन्य विपद्को लागि द्रुत प्रतिकार्य समूहको तयारी (Rapid Action Team) गर्ने।	युवा सहभागिता, क्षमता विकास र परिचालनमा जोड दिँदै बहुपक्षीय प्रशिक्षित समूहहरू छनौट गरी प्रशिक्षण दिने। कृत्रिम अभ्यास गर्ने।	२ वर्ष	कम्तिमा ७ प्रदेशमा द्रुत प्रतिकार्य समूह तयारी अवस्थामा हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, वातावरण विभाग, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विकास साझेदार, संयुक्त राष्ट्रसंघीय निकाय, संघसंस्था
४	विपद् पश्चात् उद्धारमा खट्टिने स्वयंसेवकहरूको लागि तालिम	प्रशिक्षण मोड्युलको तयारी गर्ने। तालिम प्रदान गर्ने।	वार्षिक निरन्तर	विपद् उद्धार स्वयंसेवक तयार हुने। कम्तिमा १० हजार जनालाई तालिम प्रदान दिइएको हुने। (६७४३ वडामा कम्तिमा एक जना र सङ्कटोन्मुख पालिकामा थप स्वयंसेवकसहित)	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, स्थानीय तह, प्रदेश सरकार	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, वातावरण विभाग, विकास साझेदार, संयुक्त राष्ट्रसंघीय निकाय, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु

५	सूचना तथा तथ्याङ्क प्रवाह सम्बन्धी व्यवस्था	वायु प्रदूषणजन्य विपद्बारे जनसमुदायलाई जानकारी प्रवाह गर्ने।	निरन्तर	वायु प्रदूषणजन्य विपद् सम्बन्धी वेबसाइट, मोबाइल अपडेट, रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिको माध्यमबाट अध्यावधिक भइरहेको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग	सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरू, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह, सञ्चार जगत, निजी क्षेत्र
६	विपद् प्रभाव मूल्याङ्कन	वायु प्रदूषणजन्य विपद् सङ्कटान्मुख उद्योग व्यवसायको विपद् प्रभाव मूल्याङ्कन गर्ने।	२ वर्ष र त्यसपछि निरन्तर	विपद् जोखिमयुक्त उद्योग व्यवसायको पहिचान भएको हुने। जोखिमयुक्त उद्योग व्यवसायको विपद् प्रभाव मूल्याङ्कन भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, उद्योग विभाग	विज्ञान प्रविधि तथा नवप्रवर्धन मन्त्रालय, वातावरण विभाग, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालयहरु, संघसंस्था
७	विपद् परीक्षणको व्यवस्था	विपद् परीक्षणको पाठ्यक्रमको तयारी गर्ने। परीक्षकहरूको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। नमुना वायु प्रदूषणजन्य विपद् व्यवस्थापन परीक्षण गर्ने। स्पष्टिकरण: वायु प्रदूषणजन्य विपद् व्यवस्थापन परीक्षण गर्दा अन्य	वार्षिक निरन्तर	कम्तिमा ५० जना परीक्षक तयार भएको हुने। नमूना परीक्षण कम्तिमा १०० उद्योग व्यवसायहरूमा वायु प्रदूषणजन्य विपद् व्यवस्थापन परीक्षण गर्ने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, वातावरण विभाग	परीक्षण गर्ने निकायहरू (निजी क्षेत्र लगायत)

		विपद्सँग एकिकृत रूपमा गर्न सकिनेछ।				
८	पूर्वाधारको व्यवस्था	उपकरणहरूको खरिद, भण्डारण, वितरण प्रणालीको व्यवस्था गर्ने। उपकरणहरूमा रेस्पिरेटर, मास्क, वारुण नियन्त्रक, हेलिकप्टर, ड्रोन, अग्नि नियन्त्रण, ब्रुमर्स, औषधीको पर्याप्तता, मानव स्रोत, सुरक्षाकर्मी, अग्नि नियन्त्रक, वन अग्नि नियन्त्रक, औद्योगिक अग्नि नियन्त्रक जस्ता उपकरणहरू पर्दछ।	वार्षिक निरन्तर	कम्तिमा प्रत्येक प्रदेशमा र काठमाडौंमा एउटा एउटा अग्नि नियन्त्रण गर्न सक्ने हेलिकप्टर सेवाको प्रबन्ध भएको हुने। सडकटोन्मुख क्षेत्रमा मास्क रेस्पिरेटर औषधी लगायत आवश्यक उपकरण मानव स्रोतको पर्याप्त व्यवस्था भएको हुने।	गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय,	नेपाल नागरिक उड्डयन प्राधिकरण, निजी हेलिकप्टर सञ्चालकहरू, ड्रोन सेवा प्रदायक, वारुण नियन्त्रण वटालियन, नेपाली सेना, स्वास्थ्य सेवा प्रदायक
९	वायु प्रदूषणजन्य विपद् प्रतिकार्यको लागि अस्पतालरुहको पहिचान तथा विकास	वायु प्रदूषणजन्य विपद् संवेदनशील क्षेत्र, मध्यम संवेदनशील तथा उच्च संवेदनशील पालिका, जिल्ला, प्रदेशस्तरीय अस्पतालको पहिचान तथा विकास गर्ने।	३ वर्ष	प्रत्येक प्रदेशस्तरीय अस्पतालमा वायु प्रदूषणजन्य स्वास्थ्य समस्या उपचार तथा सुपरिवेक्षण अध्ययन अनुसन्धान गर्न विशिष्टकृत अस्पताल वा इकाई (Air Pollution Induced Disaster Surveillance Sentinel Hospital) स्थापना भई स्वास्थ्य सेवा प्रदान भएको हुने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह	निजी क्षेत्र (स्वास्थ्यसँग सम्बन्धित)
		अन्य पालिकाहरूमा अस्पतालको पहिचान गर्ने, वायु प्रदूषणजन्य		जिल्ला तथा पालिकामा वायु प्रदूषणजन्य विपद् उपचार गर्न		

		रोगहरूसँग सम्बन्धित विशेषज्ञ डाक्टहरूको उपलब्धताको सुनिश्चितता गर्ने र वायु प्रदूषण विपद्का बिरामीलाई स्थान (Bed) को सुनिश्चितता गर्ने।		अस्पतालको पहिचान तथा विकास भएको हुने।		
१०	वायु प्रदूषणजन्य रोग निराकरण योजना	वायु प्रदूषणजन्य रोग अल्प तथा दिर्घकालिन संक्रमणबाट हुने रोगको तथा तिनको निदानको विधि तथा कार्ययोजना तर्जुमा गर्ने।	२ वर्ष	प्रदूषणजन्य स्वास्थ्य अनुकूलन योजना तयार भएको हुने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय	भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, स्थानीय तह
११	वन डढेलो नियन्त्रण	वन डढेलो व्यवस्थापन रणनीति, २०६७ परिमार्जन र सोसँग सम्बन्धित व्यवस्थापन कार्ययोजना लागू गर्ने।	१ वर्ष	वन डढेलो व्यवस्थापन रणनीति, २०६७ परिमार्जन भई लागू भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	गृह मन्त्रालय, भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि, वन तथा वातावरण मन्त्रालय, प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, स्थानीय निकाय
		वन डढेलो लगायत आगलागी नियन्त्रण गर्न आवश्यक उपकरणहरू	१ वर्ष	खरिद तथा व्यवस्थापन भएको हुने।	गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम	रक्षा मन्त्रालय, नेपाली सेना, निजी हेलिकप्टर सेवा प्रदायक, ड्रोन सेवा प्रदायक

		जस्तै दमकल, हेलिकप्टर आदिको व्यवस्था मिलाउने।			न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	
१२	विपद् क्षतिपुर्ति राहत वितरण	विपद् क्षतिपुर्ति राहत वितरण कार्यविधि तर्जुमा गर्ने।	२ वर्ष	विपद् क्षतिपुर्ति राहत वितरण कार्यविधि तयार भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, कृषि, वन तथा वातावरण मन्त्रालय
१३	विपद् बीमाको व्यवस्था	विपद् बीमा आयोजना सञ्चालन गर्ने।	२ वर्ष र त्यसपछि निरन्तर	विपद् बीमा सेवा सञ्चालनमा आएको हुने।	राष्ट्रिय बीमा प्राधिकरण, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	बीमा सेवा प्रदायक

४.३ वायु प्रदूषणजन्य विपद्को प्रतिकार्य

क्र.सं.	विषय	क्रियाकलाप	समयवधि	सूचक	जिम्मेवार निकाय	सहयोग निकाय
१	प्रथम तहको विपद् प्रतिकार्य AQI २०१ (१५० माइक्रोग्राम प्रति घनमिटर) देखि ३०० (२५०	सूचनाहरू जारी गर्ने।	AQI २०१ देखि ३०० भएको अवस्थामा	बाह्य क्षेत्रको गतिविधिमा कमी N-95 (or equivalent) मास्कको प्रयोग र सडक सफाइ कार्यलाई प्रभावकारी बनाइएको हुने। सडक लगायत निर्माण कार्यमा धुलो नियन्त्रणलाई सशक्त बनाइएको हुने। विपद् तयारी सम्बन्धी	वातावरण विभाग, सडक विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा	प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय, सुरक्षा निकाय, संचार जगत, विपद् सम्बद्ध

क्र.सं.	विषय	क्रियाकलाप	समयवधि	सूचक	जिम्मेवार निकाय	सहयोग निकाय
	माइक्रोग्राम प्रति घनमिटर) सम्म			समीक्षा गरिएको हुने। खुला आगो बाल्ने कार्यलाई पूर्ण नियन्त्रण गरिएको हुने। डढेलो नियन्त्रण, कृषि अवशेष जलन नियन्त्रण, औद्योगिक आगलागी नियन्त्रण भएको हुने।	व्यवस्थापन प्राधिकरण, स्थानीय तह	अन्य सरकारी तथा गैर सरकारी निकायहरु
२	दोस्रो तहको विपद् प्रतिकार्य	३०१ (२५० माइक्रोग्राम प्रति क्यूविकमिटर) देखि ४०० AQI भई कम्तिमा थप दुई दिन यस्तै अवस्था रहने भएमा।	तेस्रो तहको प्रदूषण रहेको अवस्थामा	प्रथम तहको विपद् प्रतिकार्यलाई थप असरयुक्त बनाएको हुने। जोड विजोड गाडी चलाउने व्यवस्था गरिएको हुने। हप्ताको दुई दिन विदा दिइएको हुने। विद्यालय बन्द गरिएको हुने। वायु प्रदूषणबाट बढी संक्रमण हुने ट्राफिक, चालक आदिलाई संक्रमणबाट जोगाउन व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग गरिएको हुने। समय तालिकामा समायोजन आदि प्रतिकार्य गरिएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह	विज्ञान प्रविधि तथा नवप्रवर्धन मन्त्रालय,, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, यातायात व्यवस्था विभाग, प्रदेशमा विपद् तथा वातावरण हेर्ने मन्त्रालय

क्र.सं.	विषय	क्रियाकलाप	समयवधि	सूचक	जिम्मेवार निकाय	सहयोग निकाय
३	तेस्रो तहको	४०० (३५०microgram/m^3) देखि ५०० AQI (४२५ microgram/m^3) भई थप तीन दिनभन्दा बढी यो अवस्था रहने पूर्वानुमान भएमा तेस्रो तहको विपद् मान्ने।	चौथो तहको प्रदूषण रहेको अवस्थामा	भत्काउने तथा निर्माण (Construction and demolition) कार्यलाई रोक लगाइएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह, सुरक्षा निकाय	सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, सुरक्षा निकाय, प्रदेश सरकार, स्थानीय तह
				अत्यावश्यक बाहेक गाडी सञ्चालनमा प्रतिबन्ध लगाएको हुने।		
				कार्यालयको कार्यलाई आंशिक सञ्चालन तथा वर्क फ्रम होम विधि अपनाइएको हुने।		
				वायु प्रदूषणजन्य उद्योगहरू आंशिक वा पूर्ण रूपमा बन्द गरिएको हुने।		
				बाहिरी क्षेत्रबाट गाडीहरूको प्रवेशमा रोक लगाइएको हुने।		
				वायु प्रदूषणजन्य उद्योगहरूलाई आंशिक वा पूर्ण रूपमा सञ्चालनमा रोक लगाउने।		
				वायु शुद्धिकरण उपकरणको प्रयोगलाई प्रोत्साहन दिइएको हुने।		

क्र.सं.	विषय	क्रियाकलाप	समयवधि	सूचक	जिम्मेवार निकाय	सहयोग निकाय
				आवश्यकता बमोजिम जेष्ठ नागरिक, गर्भवती महिला, श्वासप्रश्वास सम्बन्धी दीर्घरोगी तथा बालबालिकाहरूलाई स्वच्छ स्थानमा स्थानान्तरण गरिएको हुने।		
४	उपचार	उच्च प्रदूषणबाट प्रभावित बालबालिका, महिला, अशक्त अपांगता भएका व्यक्तिहरु लगायतलाई उपचारमा निरन्तरता तथा दिर्घकालसम्म निगरानी तथा परीक्षणको व्यवस्था गर्ने।	निरन्तर	प्रदूषणजन्य स्वास्थ्य अनुकूलन कार्ययोजना बमोजिम उपचार पुऱ्याइएको हुने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, तोकिएका अस्पतालहरू	प्रदेश सरकार विपद् तथा वातावरण हेर्ने मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह
५	मनोवैज्ञानिक उपचार	विपद् प्रभावित व्यक्तिहरूलाई मनोवैज्ञानिक रूपमा सशक्त बनाउने	घटना पश्चात् ३ महिनाभित्र	विपद् प्रभावित व्यक्तिहरू मनोवैज्ञानिक रूपमा सशक्त हुने।	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्थानीय तह	वातावरण विभाग, स्थानीय तह, संघसंस्था, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु

स्पष्टिकरणः क. विपद् तहको घोषणा तथा प्रतिकार्यहरू सञ्चालन गर्दा वायु प्रदूषण पूर्वानुमानलाई समेत ध्यान दिनु पर्छ।

ख. प्रतिकार्यहरू सञ्चालन गर्दा आफ्नो पालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना अनुरूप गर्नुपर्छ। तर आवश्यकता बमोजिम परिवर्तन गर्न सकिनेछ।

ग. अन्य राष्ट्रहरूको AQI सँग तुलना गर्नुपर्दा पिएम २.५ को मात्राको आधारमा गर्नुपर्दछ।

४.४ वायु प्रदूषणजन्य विपद्को पुनर्लाभ

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	मुख्य जिम्मेवार	सहयोगी निकाय
१	प्रतिबन्धहरूमा छुट (lifting of restrictions)	प्रदूषण कमी भए बमोजिम तथा प्रदूषण पूर्वानुमान सहितको आधारमा प्रतिबन्धमा छुट दिने तथा हटाउने।	प्रदूषणको वर्ग बमोजिम	प्रतिबन्धहरू फुकुवा वा पूर्ण रूपमा हटाइएको हुने।	वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, विज्ञान, प्रविधि तथा नवप्रवर्धन मन्त्रालय, वातावरण विभाग, प्रदेश सरकार विपद् हेर्ने मन्त्रालय
२	स्थानान्तरण	उद्धार गरिएका व्यक्तिहरूलाई पूर्वस्थानमा स्थानान्तरण गर्ने।	प्रदूषण नियन्त्रण पश्चात्	विपद् पूर्वको स्थानमा स्थानान्तरण गरिएको हुने।	स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय	प्रदेश सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु
३	सरसफाइ	सडकमा जम्मा भएका धुलो पुनः उड्न नदिन सफा गर्ने।	सामान्यस्तर नपुगेसम्म	सडकमा जम्मा भएका धुलो सामान्य स्तरमा पुगेको हुने।	सडक विभाग, सहरी विकास मन्त्रालय, स्थानीय तह	वातावरण विभाग, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु, निजी क्षेत्र

क्र.सं.	विषय	क्रियाकलाप	समयावधि	सूचक	मुख्य जिम्मेवार	सहयोगी निकाय
४	जनचेतना	विपद् तहमा परेका प्रदूषण प्रभावित व्यक्तिहरूलाई आफूले गर्नुपर्ने कार्यको सचेतना प्रदान गर्ने।	१ महिना	विपद् प्रभावित व्यक्तिहरू आफूले गर्नुपर्ने कार्यबारे सचेत भएको हुने।	वातावरण विभाग, स्थानीय तह, सुरक्षा निकाय	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी निकायहरु, संचार जगत
५	सूचना प्रवाह	प्रदूषणबाट पर्यटन तथा राष्ट्रिय प्रतिष्ठामा पर्न जाने असरमा सुधार कार्य गर्ने।	घटना पश्चात् ६ महिनाभित्र	प्रदूषणमा आएको सुधार र नेपालले चालेका महत्वपूर्ण गतिविधिहरूको प्रचार प्रसार भएको हुने।	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग, पर्यटन बोर्ड	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, पर्यटन व्यवसायी, संचार जगत

४.५ क्रमिक सुधार तथा सुदृढीकरण

क्र.सं.	विषय	क्रियाकलाप	समायवधि	सूचकाङ्क	जिम्मेवार निकाय	सहयोगी निकाय
१	पृष्ठपोषण तथा मूल्याङ्कन	बुझाइ, सुशासन, न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ कार्यको समष्टीगत मूल्याङ्कन गरी सान्दर्भिकता, सामञ्जस्यता, प्रभावकारिता, कुशलताको, दिगोपना आधारमा क्रमिक सुधार गर्दै लाने।	वार्षिक	परिमार्जित झनै राम्रो कार्ययोजना तयार भएको हुने। थप आधुनिक उपकरणहरूको व्यवस्था भएको हुने। थप उत्थानशील भएको हुने।	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वातावरण विभाग, प्रदेश सरकार, स्थानीय तह	सबै Leads & Co-leads, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, सुरक्षा निकाय, विश्वविद्यालयहरू

३. वित्तीय व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि तयार पारिएको सेन्डाई कार्यढाँचा र जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौतामा जोखिम व्यवस्थापनका लागि वित्तीय प्रबन्ध तथा लगानी बढाउने विषय उल्लेख छ। त्यस्तै, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद् व्यवस्थापनका लागि केन्द्रीय स्तरमा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहने व्यवस्था रहेको छ, जसलाई वायु प्रदूषणजन्य विपद् व्यवस्थापनका लागि समेत लगानी गर्न सकिनेछ। यसै ऐनको दफा २३ अनुसार प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहनेछ।

वातावरण संरक्षण ऐन,२०७६ को दफा ३१ को प्रावधान अनुसार वातावरण संरक्षण कोष सम्बन्धी व्यवस्था गरिएको हुँदा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३८ अनुरुप वायु प्रदूषणको रोकथाम तथा नियन्त्रणका लागि स्वीकृत कार्ययोजना बमोजिम कोषबाट रकम खर्च गर्न सकिने देखिन्छ। पेट्रोलियम पदार्थबाट असुल भइरहेको प्रदूषण शुल्क बापतको रकम यस कार्ययोजना अनुसार प्रदूषण नियन्त्रण गर्ने कार्यमा उपयोग गर्न सकिने देखिन्छ।

हरेक वर्ष संघ तथा प्रदेश सरकारबाट सम्बन्धित मन्त्रालय, विभाग र कार्यालयहरूमा वायु प्रदूषण नियन्त्रणका लागि विनियोजित बजेट खर्च गर्न सकिनेछ। स्थानीय तहहरुले पनि वायु प्रदूषण नियन्त्रणका लागि बजेट विनियोजन गरी खर्च गर्नुपर्नेछ। वायु प्रदूषण नियन्त्रणमा नेपाल सरकारबाट सहमति लिएर विकास साझेदारहरूबाट प्राप्त रकम समेत उपयोग गर्न सकिनेछ (विस्तृत कार्ययोजना अनुसूची ३)।

४. अनुगमन तथा मूल्याङ्कन

यस कार्ययोजना कार्यान्वयनको सम्पर्क निकाय संघमा कृषि, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र प्रदेशमा वातावरण कार्यक्षेत्र भएको मन्त्रालय रहनेछ। जिल्लाभित्र जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा स्थानीय सरकार एवं जिल्ला समन्वय समितिबाट वातावरण प्रदूषण नियन्त्रण सम्बन्धी कार्यको अनुगमन हुनेछ। अन्य संरचनाको हकमा यस कार्ययोजनाले औंल्याए अनुसार वायु प्रदूषण सम्बन्धी नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्दा संघ, प्रदेश, जिल्ला र स्थानीय तहका संरचनाहरूसँग समन्वय र सहकार्य गरिनेछ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट समग्र विपद् जोखिम रोकथाम तथा व्यवस्थापन सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गरिनेछ।

५. पुनरावलोकन अवधि

यस कार्ययोजनालाई हरेक पाँच वर्षमा पुनरावलोकन गरी समय सापेक्ष बनाइनेछ। पुनरावलोकनको कार्य राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्वतन्त्र विज्ञहरूको परामर्शमा गर्नेछ। साथै

पुनरावलोकनलाई प्रभावकारी तथा कार्यमुखी बनाउनको लागि कृषि, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, सातै प्रदेशमा रहेका प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति, स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ।

अनुसूची १ : वायु प्रदूषणजन्य विपद् व्यवस्थापन समन्वय समिति

वायु प्रदूषणजन्य विपद् सम्बन्धी प्राविधिक विषयवस्तुमा अध्ययन गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सल्लाह, सुझाव तथा सिफारिस गर्न देहाय बमोजिम समन्वय समितिको गठन गरिनेछ।

१. सहसचिव	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	अध्यक्ष
२. उपसचिव	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	सदस्य
३. प्रतिनिधि	गृह मन्त्रालय	सदस्य
४. प्रतिनिधि	स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय	सदस्य
५. प्रतिनिधि	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	सदस्य
६ प्रतिनिधि	कृषि वन तथा वातावरण मन्त्रालय	सदस्य
७.प्रतिनिधि	वातावारण विभाग	सदस्य
८. प्रतिनिधि	नेपाल मौसम विज्ञान विभाग	सदस्य
९. प्रतिनिधि	यातायात व्यवस्था विभाग	सदस्य
१०. प्रतिनिधि	नेपाल नगरपालिका संघ	सदस्य
११. प्रतिनिधि	गाउँपालिका राष्ट्रिय महासंघ	सदस्य
१२. प्रतिनिधि	विश्वविद्यालयहरूबाट वातावरण संकाय	सदस्य
१३. विज्ञ	एक महिलासहित ३ जना	सदस्य
१४. वातावरण निरीक्षक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण		सदस्य सचिव

समितिको काम, कर्तव्य र अधिकार

वातावरण प्रदूषणको अवस्था अध्ययन गरी वायु प्रदूषणजन्य विपद् घोषणा तथा आवश्यक प्रतिकार्यको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सल्लाह, सुझाव तथा सिफारिस दिने।

(क) वायु प्रदूषणजन्य विपद् वर्गीकरण मापदण्ड, वायु प्रदूषणजन्य विपद् संवेदनशील क्षेत्रको मापदण्ड, वायु प्रदूषणजन्य विपद् जोखिम प्रभाव मूल्याङ्कन विधि, अन्तर्राष्ट्रिय प्रदूषण मापन तथा पूर्वानुमान, वायु प्रदूषणजन्य विपद् पूर्वानुमानको लागि गरिने मोडेलिङ लगायतका

विषयमा अध्ययन गरी प्राधिकरण र अन्य सम्बन्धित निकायलाई उपयुक्त सल्लाह, सुझाव तथा सिफारिस गर्ने।

(ख) वायु प्रदूषणजन्य विपद् जोखिमयुक्त उद्योग व्यवसायको सूची तयार गरी प्राधिकरण र अन्य सम्बन्धित निकायलाई उपलब्ध गराउने।

(ग)अनुगमन तथा परीक्षणको कार्यविधि तथा मार्गदर्शन तर्जुमाका लागि आवश्यकता अनुसार प्राधिकरण र अन्य सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने।

(घ) विद्यमान नीतिगत तथा कानूनी व्यवस्थामा आवश्यक सुधारको लागि परामर्श उपलब्ध गराउने।

(ङ)वायु प्रदूषणजन्य विपद् सम्बन्धी अनुसन्धानका विषयहरूको पहिचान तथा प्राथमिकरण गर्ने।

(च) आवश्यकता अनुसार प्रदेश र स्थानीय तहको नीति, योजना र विकास कार्यक्रममा वायु प्रदूषणलाई आन्तरिकीकरण एवं मूलप्रवाहीकरण गर्न मार्गदर्शन प्रदान गर्ने।

(छ) तोकिए बमोजिम अन्य कार्य गर्ने।

नोटः प्रकोपको प्रकृति अनुसार जोखिमको अध्ययन, जोखिम स्तर निर्धारण, निगरानी तथा अनुगमन, चेतावनी तथा सुझाव, निर्देशन तयारी, पूर्वसूचना तथा अन्य सम्बन्धित कार्यको समन्वय तथा नेतृत्व गर्न उपसमिति तथा कार्यदलहरू गठन गरी परिचालन गर्न सकिने छ। कार्यदलहरूको कार्यक्षेत्र तथा अवधि कार्यदल गठन गर्दाका बखतमा तोकिए बमोजिम हुनेछ।

अनुसूची २ : वायु प्रदूषण गुणस्तर

वायु प्रदूषक	डब्लुएचओ दिशार्निदेश	नेपालको राष्ट्रिय मापदण्ड
२.५ माईक्रोमिटर वा सो भन्दा कम व्यास भएका कणजन्य तत्व (पिएम २.५)	५ माईक्रोग्राम प्रतिघनमिटर हावामा वार्षिक औसत	२५ माईक्रोग्राम प्रतिघनमिटर हावामा वार्षिक औसत
	१५ माईक्रोग्राम प्रतिघनमिटर हावामा २४ घण्टा औसत	४० माईक्रोग्राम प्रति घनमिटर हावामा २४ घण्टाको औसत
१० माईक्रोमिटर वा सो भन्दा कम व्यास भएका कणजन्य तत्व (पिएम १०)	१५ माईक्रोग्राम प्रतिघनमिटर हावामा वार्षिक औसत	७० माईक्रोग्राम प्रतिघनमिटर हावामा वार्षिक औसत
	४० माईक्रोग्राम प्रतिघनमिटर हावामा २४ घण्टा औसत	१२० माईक्रोग्राम घनमिटर हावामा २४ घण्टाको औसत
ओजोन	१०० माईक्रोग्राम प्रतिघनमिटर हावामा ८ घण्टाको दैनिक अधिकतम	१५७ माईक्रोग्राम प्रति घनमिटर हावामा ८ घण्टाको औसत
	६० माईक्रोग्राम प्रतिघनमिटर हावामा ८ घण्टाको औसत उच्च हुने याममा	छैन।
नाइट्रोजन डाइअक्साइड	१० माईक्रोग्राम प्रतिघनमिटर हावामा वार्षिक औसत	४० माईक्रोग्राम प्रतिघनमिटर हावामा वार्षिक औसत
	२५ माईक्रोग्राम प्रतिघनमिटर हावामा २४ घण्टा औसत	८० माईक्रोग्राम प्रतिघनमिटर हावामा २४ घण्टा औसत
(२४—घण्टाको औसत)	१२० माईक्रोग्राम प्रतिघनमिटर हावामा	छैन।

अनुसूची ३ : अनुमानित बजेट

क्र.सं.	विषय	संख्या	प्रति एकाइ मूल्य रु. (लाखमा)	जम्मा रकम रु. लाखमा	कैफियत
१	विस्तृत सन्दर्भ प्रदूषण मापन केन्द्र	७ वटा	१००	७००	हाल सञ्चालित PM 2.5 मापन केन्द्रमा थप्ने
२	सन्दर्भ प्रदूषण मापन केन्द्र	२ वटा	१५०	३००	
३	किफायती प्रदूषण मापन केन्द्र	१०००	०.२०	२००	
४	गणितीय नमूनीकरण			१००	एकमुष्ट
५	अन्तर्राष्ट्रिय तथ्याङ्कको अध्ययन तथा अङ्गिकार	१	१०	१०	
६	सन्दर्भ प्रदूषण मापन केन्द्र सञ्चालन	३०	१०X ५	१५००	
७	सेन्टिनेल अस्पतालहरूको पहिचान तथा विकास	१००	५०	५००	
९	अनुसन्धान प्रयोगशाला	१	१००	१००	हाल सञ्चालित प्रयोगशालालाई विकास गरिने
१०	विपद् पोर्टलको स्तरोन्नति	१		२००	
११	मानव स्रोतको विकास			१००	एकमुष्ट
१२	विपद् सङ्कटोन्मुखता तथा वर्गीकरण			१००	एकमुष्ट
१३	कृत्रिम घटना अभ्यास	१००	१०	१०००	
१४	सुधारिएको चुलो वा विद्युतीय चुलो अनुदान	१०००००	०.१	१००००	
१५	अध्ययन अनुसन्धान			१००	एकमुष्ट

क्र.सं.	विषय	संख्या	प्रति एकाइ मूल्य रु. (लाखमा)	जम्मा रकम रु. लाखमा	कैफियत
१६	प्रशासनिक			५००	एकमुष्ट
१७	उपकरणहरू			५००	एकमुष्ट
१८	अनुगमन तथा मूल्याङ्कन	२००	१	२००	
१९	राहत			१०००	कोषको व्यवस्था
२०	प्रचार प्रसार	२५	२	५०	
२१	जनचेतना अभिवृद्धि	५०	१	५०	
२२	विविध			२००	
जम्मा				१७४१०	

अनुसूची ४ : वातावरण विभागबाट प्रकाशित २०२४ को वायु गुणस्तर स्थिति प्रतिवेदनबाट साभार

S.N.	Name of Province	Annual Average PM2.5 (ug/cubic meter) concentration	
		२०२३	२०२४
१	Karnali	१२.७	१६
२	Gandaki	१५.७	१८
३	Bagmati	२१.६	२५
४	Sudar pashchim	२२.९	२६
५	Koshi	२५.९	२७
६	Lumbini	२९.५	३३
७	Madhesh	४३.१	४३.४

वातावरण विभागको २०२४ को वायु गुणस्तरको स्थितिबारेको प्रतिवेदन बमोजिम सबैभन्दा कम प्रदूषण भएको प्रदेश कर्णाली हो भने सबैभन्दा बढी प्रदूषण भएको प्रदेश मधेश रहेको देखियो। यसको अलावा २०२३ को तुलनामा २०२४ मा सबै प्रदेशमा प्रदूषण बढेको देखिन्छ।